## परिच्छेद १

# राष्ट्रिय कार्ययोजना निर्माणका आधारहरू

## १.१परिचय

नेपालको कानूनले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र वेश्यागमन गर्ने कार्यलाई मानव बेचबिखन गरेको मानिने भनी उल्लेख गरेको छ । त्यस्तै किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने र बेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्यलाई ओसारपसार गरेको मानिने भनी ब्याख्या गरेको छ । अतः मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनु लिनु गरी व्यक्तिहरूलाई भर्ति गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने र शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमारा कमारी वा मानव अङ्ग झिक्नु जस्ता कार्यहरू हुन् भन्ने अर्थ लाग्दछ ।

मानव बेचबिखन तथा ओसारपसार बिश्व बजारमा कम जोखिममा अति नै लाभयुक्त अपराधिक उद्योगको रूपमा द्रुतगतिमा फस्टाउँदै गइरहेका सन्दर्भमा नेपाल पनि यो समस्याबाट अछुतो रहन सकेको छैन । नेपालमा विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन एक गम्भीर समस्या र चुनौतिको रूपमा रहेको अवस्था छ । मानव बेचबिखन बारे कुनै पनि मुलुकमा एकीन तथ्याङ्क पाइँदैन र नेपाल पनि अपवाद मुलुक बन्न सकेको छैन । शुरूमा कुनै जाति र समुदाय विशेषबाट थालनी भएको यौन शोषणका लागि महिला तथा बालिकाको बेचबिखनको समस्याबाट अहिले सबै जिल्ला र समुदाय प्रभावित हुन पुगेको देखिन्छ । बैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षण मानव बेचबिखनका दलालहरूका लागि चलखेलको विषय बन्न पुगिरहेको छ । इतिहासको कुनै कालखण्डमा भारतमा नोकरी, दासत्व र यौन व्यवसायका लागि शुरू भएको नेपाली चेलीबेटीहरूको बेचबिखन र ओसारपसार आन्तरिक शहर बजारदेखि छिमेकी मुलुहरू हुँदै समुन्द्रपारीका मुलुकहरूसम्म फैलिन पुगेको देखिन्छ भने लिङ्गको हिसावले पुरूष, बालक र यौनिक अल्पसंख्यकलाई पनि छोडेको छैन ।

## १.२.समस्या समाधानका प्रयासहरू

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले आफ्नो स्थापना कालदेखि महिला तथा बालबालिकाको बेचबबिखन तथा ओसारपसार नियन्त्रणका लागि मुख्य सम्पर्क निकायको रूपमा काम गरिरहेको छ । सो कार्यमा संयुक्त राष्ट्र संघिय निकायहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले मन्त्रालयलाई सघाइ रहेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ तर्जुमा भएपछि राष्ट्रिय स्तरमा मानव बेचबिखन नियन्त्रण समिति गठन भएको छ । सबै जिल्लाहरूमा जिल्ला समितिहरू निर्माण गरिएका छन् ।

मन्त्रालयको स्थापना पश्चात २०५२ सालमा चेलीबेटी बेचबिखन तथा देहव्यापार बिरूद्ध नीति बनाई कार्यान्वयनमा ल्याएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९, २० र २२ ले गरेका व्यवस्थाहरूले महिला तथा बालबालिकाहरूलाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण बिरूद्धको हक दिएको छ । यसका साथै मुलुकी ऐन, २०२० मा गरिएका संसोधनहरू, बालबालिका सम्बन्धी ऐन, २०४८ र नियमावली, २०५०, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न वनेको ऐन, २०६३, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५, बैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७ आदिले मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूलाई नियन्त्रण गर्न कानूनी प्रावधान निर्माण गरिदिएको छ ।

महिलाबिरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बालअधिकार महासन्धि र सो महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, बाल बेश्यावृत्ति तथा बालअश्लिल चित्रण सम्बन्धी इच्छाधिन आलेख,दासत्व महासन्धि, नागरिक

तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको इच्छाधिन आलेख, जीउ मास्ने बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमनसम्बन्धी महासन्धि, बालअधिकार महासन्धिको बालबालिकाको बेचबिखन, बाल बेश्यावृत्ति तथा बालअश्लिल चित्रण सम्बन्धी इच्छाधिन आलेख, अन्तर्राष्ट्रिय श्रम संगठनको बलपूर्वक श्रम उन्मूलनसम्बन्धी महासन्धि (नं. १२९), अन्तर्राष्ट्रिय श्रम संगठनका रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठनका बाल श्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि तथा अन्तरदेशियसंगठित अपराधविरूद्धको महासन्धि आदि अनुमोदन भइसकेका छन् ।

## १.३.कार्ययोजना निर्माणका उद्देश्य

महिला तथा वालवालिकाविरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि लगायत नेपालले गरेको अन्य मानव अधिकार संग सम्वन्धित विषयमा गरेका प्रतिवद्धता एवं मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली, २०६५ मा भएका प्रावधानहरूलाइ प्रभावकारी रूपमा कार्यान्वयन गरी मानव वेचविखन तथा ओसारपसार कार्यलाई नियन्त्रण गर्न यो कार्ययोजनाको तर्जुमा गरिएको हो । आन्तरिक र वाह्य देशमा हुने मानव वेचविखन तथा ओसारपसार कार्यलाई फराकिलो परिवेशमा हेरी सोही अनुरूप नियन्त्रणका उपायहरूको अवलम्बन गर्ने यो कार्ययोजनाको उद्देश्य रहेको छ :

- मानव वेचविखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढंगवाट नियन्त्रण गर्ने संयन्त्र र संरचनाहरूको सुदृढीकरण गर्ने,
- मानव वेचविखन तथा ओसार पसार नियन्त्रण गर्ने कार्यमा कार्यरत सम्पर्क निकायहरूको व्यावसयिक दक्षता अभिवृद्धि गर्ने,
- अति जोखिम र जोखिमसन्मुख **(vulnerable)** समुदायहरूको लागि पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण कार्यलाई प्रवर्द्धन गर्ने,
- मानव वेचविखन तथा ओसारपसार विरूद्ध अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धता अनुरूप साझा सवालहरूमा सरोकारवाला निकायहरूवीच सहयोग, समन्वय र सहकार्यलाई वढावा दिने ,
- मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानुनी संरचनाको माध्यामवाट दण्डहिनताको अन्त्य गरी प्रभावितलाई न्यायमा पहुँच पुऱ्याउने,
- मानव वेचविखन तथा ओसारपसारको समस्या समाधान गरी सुशासन कायम गर्ने ।

## १.४.निर्देशक सिद्धान्तहरू

नेपाल सरकारले तर्जुमा गरेको यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिकाको बेचबिखन बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०५६, बालबालिका सम्बन्धी १० बर्षे राष्ट्रिय कार्य योजना (२००४-२०१४), महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्य योजना, २०६० (२००४), लैङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्य योजना, २०६१ (२००४) र लैङ्गिक हिंसाबिरूद्ध राष्ट्रिय कार्ययोजना, २०१० (२०६६ साल), संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० लाई कार्यान्वयन गर्ने सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ लाई मानव बेचबिखन नियन्त्रणको दृष्टिकोणबाट महत्वपूर्ण दस्तावेजका रूपमा लिन सकिन्छ । यसका अतिरिक्त नेपाल सरकारले विभिन्न आवधिक योजनाहरूमा पनि क्षेत्रगत नीति तथा कार्यक्रमहरूको माध्यमबाट मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी समस्यालाई निरन्तर रूपमा सम्बोधन गर्ने प्रयास गर्दै आइरहेको छ ।

नेपाल सरकारले २०५६ सालमा (क) नीति, अनुसन्धान तथा संस्थागत विकास,(ख) कानून निर्माण तथा कार्यान्वयन,(ग) जनचेतना जागरण, वकालत, सञ्जाल निर्माण तथा सामाजिक परिचालन, (घ) स्वास्थ्य र शिक्षा

(ङ) आय आर्जन तथा रोजगारी सिर्जना र (च) उद्धार तथा पुनः एकिकरणसमेत समाबेश गरी "यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिकाका बेचबिखन बिरूद्धको राष्ट्रिय कार्ययोजना" तर्जुमा गरेकोमा वि.सं. २०५८ मा पहिलो पटक समिक्षा गरी क्षेत्रीय र अन्तर्राष्ट्रिय सवाल लगायत अनुगमन तथा मूल्याङ्कनलाई विषयगत क्षेत्रको रूपमा थप भयो । सो समिक्षाले साझा सरोकारका सवालहरू जस्तै दिगोपना, लैंङ्गिकता, मानव अधिकारवादी अवधारणा र बाल सहभागितालाई पनि ध्यानमा राखि नयाँ कार्ययोजना निर्माण गर्न सिफारिश गरेको आधारमा सन् २००२ मा राष्ट्रिय

कार्ययोजनालाई पुनरावलोकन गरियो । २०५८ साल पछि झण्डै एक दशकको अन्तरालमा २०६७ सालमा दोश्रो समिक्षा सम्पन्न भयो ।सो समिक्षाले संस्थागत व्यवस्था, निरोधात्मक कार्य, संरक्षण, कानूनी कारवाही, दिगोपना आदि सम्बन्धमा प्रस्तुत गरको सुझावहरूको आधारमा १० बर्ष अबधिको लागि "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनबिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८" तर्जुमा गरिएको छ । यस कार्ययोजनामा उद्देश्य, रणनीति, कार्यक्रम, कार्यान्वयनका लागि मुख्य जिम्मेवार निकाय, सहयोगी निकाय, समयावधि र सूचकहरू सहित नयाँ खाकाको रूपमा प्रस्तुत गरिएको छ । यो कार्ययोजनामा विगतको कार्ययोजनाका केही रणनीति तथा कार्यक्रमहरूको थप प्रभावकारीताका साथ निरन्तरता दिइएको छ भने केही विषयहरूलाई बदलिंदो नयाँ परिवेशसंग समायोजन गरिएको छ । साथै सरकारी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरू तथा बालबालिकाहरूको सहभागिता सहितको संयुक्त प्रयासमा नयाँ ज्ञान, सोच र व्यवहार शैलीका साथ अगाडि बढ्न यो कार्ययोजनाले नयाँ मार्गचित्र कोरेको छ । समग्रमा यो कार्ययोजनाको निर्माणमा देहायका निर्देशक सिद्धान्तहरूलाई ध्यानमा राखिएको छ :

1. **<u>मानव बेचबिखनको अवधारणा र महिला तथा बालबालिकालाई विशेष प्राथमिकता</u> :** प्रथमतः यो कार्ययोजनाले यौन शोषण, श्रम शोषण र गैरकानूनी अङ्ग प्रत्यारोपण लगायत सबै प्रकारका शोषणका लागि हुने बेचबिखन तथा ओसारपसारको सवाललाई सम्बोधन गर्ने उद्देश्यका साथ बेचबिखन तथा ओसारपसारबाट समग्रमा पुरूषलाई पनि समेट्ने प्रयास गर्नुका साथै विशेषतः महिला तथा बालबालिकाहरूबिरूद्ध हुने बेचबिखन तथा ओसारपसारलाई विशेष प्राथमिकतामा राखेको छ ।

2. **<u>मानव बेचबिखनको परिभाषा र प्रोटोकलको अनुमोदन</u>** :नेपालले बालअधिकार महासन्धि अन्तर्गत बालबालिकाको बेचबिखन, बाल बेश्यावृत्ति तथा बालअश्लिल चित्रण सम्बन्धी इच्छाधिन आलेखलाई अनुमोदन गर्नुका साथै संयुक्त राष्ट्र संघको अन्तरदेशिय संगठित अपराधबिरूद्धको महासन्धिलाई पनि हालै अनुमोदन गरिसकेको छ । अब सो महासन्धिको पुरकको रूपमा रहेको "मानव बेचबिखन बिषेश गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधिन आलेख, २००० (पालेर्मो प्रोटोकल) लाई भने अनुमोदन गर्न बाँकी छ । नेपालको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानूनले पालेर्मो प्रोटोकलले गरेको ब्याख्या अनुरूप बेचबिखन तथा ओसारपसारको परिभाषालाई आधार मानी प्रभावितहरूको अधिकारलाई सुनिश्चितताका लागि मानव बेचबिखन बिरूद्ध निरोधात्मक क्रियाकलाप सञ्चालन गर्ने, कानूनी कारवाहीलाई सशक्त तुल्याउने एवं प्रभावितहरूको संरक्षण गर्ने कार्यमा राज्यको दायित्व समेत बोध गरिसकेको अवस्था रहेको हुँदा नेपालले सो प्रोटोकललाई छिटोभन्दा छिटो अनुमोदन गर्नुपर्ने भन्ने पनि यस कार्ययोजनाको मान्यता रहेको छ ।

3. **<u>सार्क महासन्धि र राष्ट्रिय कानूनसँग सामन्जस्यता</u>** : "बेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखनबिरूद्धको सार्क महासन्धि, २००२" लाई नेपालले सन् २००६ सेप्टेम्बर ५ मा अनुमोदन गरी सोही अनुरूप सार्कस्तरिय क्षेत्रीय कार्यदलका बैठकहरूमा निरन्तर सहभागिता जनाउँदै आइरहेको छ । साथै समय समयमा दक्षिण एशिया स्तरिय क्षेत्रीय बैठकहरूबाट प्रतिपादित सहमतिका बुँदाहरू लगायत नेपालको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानूनको विभिन्न विशिष्टताहरू जस्तै : प्रभावितहरूको अधिकार अभियुक्तहरू माथि प्रमाणको भार, बन्द इजलाश, प्रभावित र सूचनादाता, साक्षीको संरक्षण, सुरक्षा तथा क्षतीपुर्ति, प्रभावितहरूको पहिचान आदिलाई कानूनका बुदाँहरूमा मात्र सीमित नराखी कार्यान्वयन स्तरसम्म पुऱ्याउने मार्गचित्र (road map) पनि यो कार्ययोजनामा प्रस्तुत गरिएको छ ।

4. **<u>अन्तर्राष्ट्रिय प्रचलन अनुसार प्राथमिकता क्षेत्र</u>** :सार्क महासन्धि, राष्ट्रिय नीति र कानून कार्यन्वयनका लागि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संरचनाहरू र विगतको कार्ययोजना बारे भएका समीक्षाबाट प्राप्त सुझाव अनुसार यस कार्ययोजनामा निरोध (Prevention), संरक्षण (Protection) र कानूनी कारवाही (Prosecution) लाई मुख्य बिषयगत क्षेत्र तोकी प्राथमिकता निर्धारण गरिएको छ । सरोकारवाला निकाय तथा संस्थाहरूको आपसी समन्वय र सहकार्य तथा सबै सरोकारवाला निकायहरूको क्षमता विकासले पनि त्यत्तिकै महत्व राख्ने बिषयलाई यस कार्ययोजनामा महत्व दिइएको छ । नयाँ सोच, फरक क्षमता र खुला विचार रहेको जनशक्ति मानव बेचबिखन बिरूद्धको अभियानमा लाग्ने निकाय तथा संस्थाहरूका लागि अपरिहार्य आवश्यकता हो भन्ने यथार्थतालाई मनन गर्दै यस कार्ययोजनामा निम्न पाँचवटा विषयगत क्षेत्रहरूलाई प्राथमिकता दिइएको छ ।

   - **निरोध (Prevention):** सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिम सन्मूख **(vulnerable)** समुह/समुदायहरूको पहिचान र संरक्षण गरी समुह/समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने र सचेतना अभिबृद्धिका लागि शिक्षा, पैरवी तथा सञ्चार माध्यमका अभियानहरूलाई प्रर्वद्धन,

   - **संरक्षण (Protection):** मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण र सहयोगका लागि स्थापना भएका संयन्त्रहरूद्वारा पीडित/प्रभावितहरूको मानव अधिकारको सम्मान गर्दै एकीकृत र प्रभावकारी सेवा प्रवाहको सुनिश्चिता गर्ने ।

- **कानूनी कारवाही (Prosecution):** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानूनी संरचनाको माध्यमबाट दण्डहीनताको अन्त्य गरी पीडित/प्रभावितलाई न्यायमा पहुँच दिलाउने ।
- **क्षमता विकास (Capacity building):** मानव बेचबिखन तथा ओसारपसारबिरूद्ध स्थापित राज्य संयन्त्र, गैर सरकारी संस्था, तथा नागरिक समाज लगायत सेवा प्रदायकहरू एवं सञ्जालहरूको क्षमता अभिबृद्धि गर्ने ।
- **समन्वय, सहयोग र सहकार्य (Coordination, Cooperation and Collaboration):** मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धताहरू अनुरूप साझा सवालहरूमा बहुपक्षीय र द्विपक्षीय सहयोग अभिबृद्धि गर्ने र सरकारी, गैर सरकारी, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरू तथा विकास साझेदारहरूबीच समन्वय, सहयोग र सहकार्यलाई बढावा दिने ।
- **कार्ययोजनाका अल्पकालिन र दिर्घकालिन कार्यक्रमहरु,, प्राथमिकता र अनुगमन तथा मूल्याङ्कन** :कार्ययोजनामा उल्लेख भएका रणनीति तथा कार्यक्रमहरूलाई अवधिका हिसाबमा एक देखि पाँच वर्ष र निरन्तर भनि उल्लेख गरिएका छन् तीनिहरूलाई ४ अवधिका रूपमा लिनु पर्ने हुन्छ । १ वर्षभित्र गरिने भनि उल्लेख भएका कार्यक्रमहरूको अवधिलाई तत्काल सम्पन्न गर्नुपर्ने छोटो अवधिको भनि मान्नु पर्ने हुन्छ । २ देखि ५ वर्षको अवधिभित्र सम्पन्न गनुपर्ने कार्यलाई मध्यकालिन मान्नु पर्ने हुन्छ । ५ वर्ष भन्दा बढी अवधि लाग्ने कार्यक्रमहरूलाई निरन्तर मान्नु पर्ने हुन्छ ।सो अवधिलाई ध्यानमा राखी कार्यक्रमहरूको कार्यन्वयन र सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले प्राथमिकता दिनु पर्ने छ । यसका साथै कार्यक्रम कार्यान्वयनमा अनुगमनलाई अभिन्न अङ्गको रूपमा लिइनु पर्ने हुन्छ । प्रत्येक वर्षका लागि प्रस्तावित राष्ट्रिय समिक्षाका लागि अनुगमनले महत्वपूर्ण योगदान पुऱ्याउने छ । सरोकारवाला निकायका जिम्मेवार पदाधिकारीहरू र समन्वय तथा सुपरिवेक्षणका जिम्मेवार संस्थाहरू अनुगमनका लागि पनि बराबर जिम्मेवार हुने छन् ।

5. **आन्तरिक तथा बाह्य बेचबिखन दुबैको सम्बोधन** : यस कार्ययोजनामा मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई फराकिलो परिवेशमा हेर्ने प्रयास गरिएको छ । नेपाली श्रमीकहरूका लागि विश्वब्यापीकरणको सन्दर्भमा श्रम बजार विस्तार हुन पुगेको छ । यसका साथै नेपालको शहरी क्षेत्रमा फैलिएको डान्स, बार, केबिन, मसाज पार्लर लगायत पर्यटन, सेवा र मनोरञ्जन व्यवसायमा किशोरीहरूको माग तीब्ररूपमा बढेको सन्दर्भ र नेपालको अनौपचारिक श्रम बजारमा बालबालिकाहरूको संलग्नताको असरलाई कम गर्न यस कार्ययोजनामा विभिन्न कार्यक्रमहरू प्रक्षेपण गरिएका छन् ।

6. **बैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनसंग जोडिएको बेचबिखन** : यस कार्ययोजनामा बैदेशिक रोजगारीमा हुन सक्ने बेचबिखन र ओसारपसारबाट नेपाली आप्रवासीहरूलाई जोगाउन श्रम आप्रवासनलाई कसरी सुरक्षित र व्यवस्थित बनाउने भनी रणनीति तथा कार्यक्रमहरू समेत प्रस्ताव गरिएका छन् । श्रम आप्रवासनको समस्या बहुआयमिक प्रकृतिको भएको र यसमा राहदानी, भिसा, श्रम स्वीकृति, तालिम, भाषागत क्षमता आदि सँग सरोकार राख्ने नियमन तथा सहजीकरण गर्ने निकायहरूको बहुक्षेत्रगत साझेदारिता अपरिहार्य भएको सन्दर्भलाई समेत औंल्याइएको छ ।

7. **बालबालिकाहरूको सर्बोत्तम हितको सिद्धान्त**: बालबालिकासँग सम्बन्धित सरोकारका बिषयहरू संयुक्त राष्ट्र संघको बालअधिकारसम्बन्धी महासन्धि (CRC) ले निर्दिष्ट गरेको बालअधिकारहरूलाई सम्मान र संरक्षण गर्ने सिद्धान्तहरूद्वारा निर्देशित भई जोखिममा रहेका र प्रभावित बालबालिकाहरूका लागि अल्पकालीन र दिर्घकालीन समाधानका उपायहरू सहित यो कार्ययोजना तर्जुमा गरिएको छ । बालबालिकाको सर्वोत्तम हितलाई निर्धारण गर्दा उपलव्ध बिभिन्न बिकल्पहरूमध्ये सबैभन्दा सम्भव विकल्पमा जोड दिँदै बालबालिकालाई सुसूचित गराउने र बालबालिकालाई असर गर्ने सबै बिषयहरूमा उनको बिचार अभिव्यक्त गर्ने र निर्णयमा भाग लिन दिने सिद्धान्तका आधारमा यसका रणनीतिहरू तर्जुमा गरिएका छन् ।

8. **अतिजोखिम र जोखिमसन्मूख समुदायहरूका लागि पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण** : पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण कमजोर भएको अवस्थामा, खास गरी अति जोखिम र जोखिमसन्मूख समूदायका महिला तथा बालबालिकाहरू मानव बेचबिखनका घटनाबाट बढी संख्यामा प्रभावित हुन्छन् भन्ने वास्तविकतालाई बुझी सामाजिक सुरक्षा प्रणालीलाई सामाजिक, आर्थिक र राजनैतिक रूपमा कमजोर र विपन्न समुदायका महिला र बालबालिका प्रति संवेदनशील भई उनीहरूकै पारिवारिक संरक्षणको माध्यमबाट सशक्तिकरण गर्नमा केन्द्रित रहनु पर्दछ भन्ने मान्यतामा यो कार्ययोजनालाई अघि सारिएको छ ।

९ **बेचबिखन र घरेलु हिंसाबीचको सम्बन्ध पहिचान** : लैङ्गिकतामा आधारित हिंसा विशेष गरी घरेलु हिंसा र मानव बेचबिखनका घटनाहरू बीच कारक तथा प्रभावको सम्बन्ध (cause and effect relationship) रही आएको छ । लैंगिकतामा आधारित हिंसा र घरेलु हिंसा नियन्त्रण नभएसम्म मानव बेचबिखनका घटना तथा वारदातहरूमा कमी आउने छैन । यो तथ्यलाई मनन् गरी यस कार्ययोजनाले लैङ्गिकतामा आधारित हिंसा र घरेलु हिंसालाई सम्बोधन गर्ने उपायहरूलाई पनि साथसाथै लग्नु पर्ने मान्यतालाई अघि सारेको छ । यस कार्ययोजनाले नेपाल सरकारले कार्यान्वयनमा ल्याएको लैङ्गिक हिंसाबिरूद्ध राष्ट्रिय कार्ययोजना, २०१० संग अन्योन्याश्रित सम्बन्ध राख्दै अघि बढ्ने सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

१० **नयाँ संरचना र संयन्त्रको निर्माणमा भन्दा भइरहेका संरचनाको सुदृढीकरणमा जोड** : कानूनी शासनको अवधारणामा हिंसा नियन्त्रण गरी मानवअधिकारको सुनिश्चितता सहित सुशासनको व्यवस्थापन र सेवा प्रवाह गर्नका लागि केन्द्रीय तहदेखि स्थानीय तहसम्म नेपाल सरकारका संरचनाहरूका अतिरिक्त केन्द्र र जिल्लामा विभिन्नसमितिहरू गठन गरिएका छन् । कुनै पनि प्रकारको हिंसाबिरूद्ध महिला तथा बालबालिकाको हेरचाह र संरक्षणका लागि राज्यद्वारा प्रवाह गरिने सेवा कार्यको प्रकृतिले सामाजिक कार्यमा सीप दक्षता प्राप्त व्यक्तिहरूको पूर्णकालीन सेवा माग गर्दछ । यो कार्ययोजनाको सफल कार्यान्वयनका लागि नयाँ संरचना वा समितिको निर्माण गर्नु भन्दा कार्यरत मन्त्रालय, मातहतको महिला तथा बालबालिका विभाग, के.वा.क.स., जिल्लामा कार्यरत महिला तथा बालबालिका कार्यालयहरू र जि.वा.क.स.को क्षमता विकास गरी ब्यावसायिक दक्षता प्राप्त प्रभावकारी क्षेत्रगत निकाय र संयन्त्रको रूपमा विकास गर्ने अवधारणलाई यो कार्ययोजनाले अघि सारेको छ ।

११ **नेतृत्वदायी भूमिकाका लागि सम्पर्क निकायहरूको व्यावसायिक दक्षता** : क्षेत्रगत बिषयमा नीति निर्माण र समन्वय गर्ने भूमिका मन्त्रालयको हो भने जिल्ला तथा स्थानीयस्तरमा मानव बेचबिखनका कानूनहरूको प्रशासन, व्यवस्थापन, नियमन र अनुगमनमा प्राविधिक टेवा पुऱ्याउने भूमिका महिला तथा बालबालिका कार्यालयहरूको हो । मन्त्रालय र जिल्लाका कार्यालयहरू बीच सेतुको कार्य गर्ने जिम्मेवारी महिला तथा बालबालिका विभागको हो । अतः सहीजकरण र सुपरिवेक्षण गर्न सक्ने ब्यावसायिक दक्षता सहितको एक सक्षम र सशक्त विभागको परिकल्पना यो कार्ययोजनामा गरिएको छ ।

१२ **श्रोत विनियोजन** : यो कार्ययोजनाको तर्जुमा गर्दा सबै कार्यक्रमहरूका लागि लाग्ने आर्थिक श्रोतको प्रक्षेपण गरिएको छैन । तर कार्ययोजनालाई सरोकारवाला सबैले आ–आफ्नो क्षेत्रगत (sectoral) नीति तथा कार्यक्रममा बजेट सहित प्रविष्ट गराउन जरूरी छ । अन्यथा मानव बेचबिखन नियन्त्रणको बिषय सधैं एउटा मात्र निकायको काँधमा बोझको रूपमा परिरहन्छ । यो बहुक्षेत्रगत निकायहरूको साझा बिषय हो र सबैको सहयोग र सहकार्य विना सम्भव छैन । त्यसैले यो कार्ययोजनाले तयार गरेको मार्गचित्र अनुसार सरोकारवाला निकाय तथा संस्थाहरूले आ–आफ्नो क्षेत्रगत (sectoral) नीति तथा कार्यक्रममा यो बिषयलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्नु पर्नेछ ।

१३ **मानव बेचबिखनको समस्या समाधानका लागि सुशासन** : बेचबिखनकोसमस्यालाई मुलुकको सुशासनसंग जोडेर हेर्नुपर्ने अवस्था छ । मानव बेचबिखनको नियन्त्रण र सुरक्षित आप्रवासनको प्रवर्द्धनका लागि जिम्मेवार निकाय, संस्था र संयन्त्रहरूमा असल काम गर्नेलाई पुरस्कृत गर्ने र आफ्नो कर्तब्यबाट च्यूत हुने लाई सख्त कारवाही गर्ने पद्धतिको थालनी गर्न पनि त्यत्तिकै जरूरी छ । अतः यसको नियन्त्रणका लागि भ्रष्टाचार नियन्त्रण गरी सदाचारिता र सुशासन कायम राख्न राज्यका सबै अङ्गहरू गम्भीर हुनु पर्छ भन्ने मान्यतामा भ्रष्टाचार नियन्त्रणका लागि खडा भएका निकायहरू, सूचना संयन्त्र र निगरानी राख्ने निकायहरूको पनि भूमिकालाई महत्व दिइएको छ ।

१४ **महिला विकास कार्यक्रम र आर्थिक सशक्तिकरणको महत्व : खासतया** गरिबी, राजनैतिक तथा सामाजिक बहिष्करण, शिक्षा तथा रोजगारीका अवसर नहुनु, लैङ्गिकतामा आधारित विभेद, महिला, बालबालिका तथा जातिय विभेद, प्राकृतिक प्रकोप, द्वन्द्व आदिका कारण समस्याग्रस्त बनेको ग्रामीण परिवेशबाट सहर तथा विदेशमा रोजगारीका अवसरका लागि बसाईसराई गर्न तत्पर रहने वर्ग नै बेचबिखनका मारमा परेका छन् । आर्थिक सशक्तिकरणको पाटोमा विगतमा महिला विकास कार्यक्रमले हासिल गरेका उपलब्धीहरूलाई पनि ध्यानमा राख्दै सो कार्यक्रम अन्तर्गत प्रबर्द्धित महिलाहरूको

समूह, समिति र संस्थाहरू तथा तिनीहरूसंग आवद्ध किशोरीहरू, बालबालिकाहरूको समेत आर्थिक सशक्तिकरणका साथै सामाजिक परिचालनलाई पनि यस कार्ययोजनाले त्यत्तिकै महत्व दिएको छ ।

## १.५.निर्माण विधि

यो कार्ययोजनाको तयारीको सिलशीलामा मानव बेचबिखन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरू, प्रतिवेदनहरू, मानवअधिकारका प्रावधान तथा प्रतिवेदनहरू, नीति, कानून, कार्ययोजना तथा कार्यक्रमहरू लगायत समसामयिक सामग्रीहरूको गहन अध्ययन गर्नुका साथै विज्ञहरूबाट सुझाव संकलन गरिएको थियो । कार्ययोजनाको निर्माणको क्रममा सरकारी निकायहरू, मानव बेचबिखन तथा ओसारपसारका क्षेत्रमा आन्तरिक तथा बाह्य बेचबिखनका बिरूद्ध कार्यरत संस्थाहरू, सुरक्षित आप्रवासन, बालबालिका बेचबिखन नियन्त्रण तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको हक अधिकारको प्रवर्द्धनका लागि काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू, विज्ञहरू, बालबालिकाहरू तथा महत्वपूर्ण सरकारी निकायका पदाधिकारीहरूसँग सुझाव संकलनका लागि अन्तरवार्ता लिइएको थियो । नयाँ कार्ययोजनामा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कुनै पनि सवालहरू नछुटोस् भन्ने हेतुले राष्ट्रिय तथा क्षेत्रीय स्तरमा विभिन्न सरोकारवालाहरूसँग परामर्श गोष्ठीहरू आयोजना गरिएको थियो । उदाहरण हुन्– प्लान नेपालको संयोजनमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरूको समूह, अन्तरसंस्था समन्वय समूह (InterAgency Co-ordinating Group - IACG) सँगको परामर्श गोष्ठी, नेपालमा सुरक्षित आप्रवासन, आन्तरिक बेचबिखन तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको मुद्दामा कार्यरत संघ संस्थाहरूसँग UN Women तथा सहभागी संस्थाको संयुक्त आयोजनामा परामर्श गोष्ठी, बालबालिकाहरूको हक अधिकारका क्षेत्रमा कार्यरत संघ संस्थाहरूसँग केन्द्रीय बाल कल्याण समितिमा परामर्श गोष्ठी, पाँचै विकास क्षेत्रहरूमा आयोजित क्षेत्रीय परामर्श कार्यशालाहरू र सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूको सहभागितामा बृहद राष्ट्रिय परामर्श गोष्ठी । ती कार्यशालाहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भई यस कार्ययोजनामा समेटिएका छन् । साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले कार्ययोजना निर्माणको सिलसिलामा निर्देशन समितिको समेत अहम भूमिका निर्वाह गरेको थियो ।

यो कार्ययोजना मन्त्रिपरिषदबाट स्वीकृत मिति २०६८।११।२२ देखि लागू भई १० बर्ष अबधिको हुनेछ ।

हाल कार्यान्वयनमा रहेको यौन तथा श्रम शोषणको लागि महिला तथा वालवालिका वेचविखन विरुद्धको राष्ट्रिय कार्ययोजना २०५८ खारेज गरिएको छ ।

## परिच्छेद २

## राष्ट्रिय कार्ययोजना

**मन्त्रीपरिषदवाट स्वीकृत मिति :–२०६८।११।२२**

| प्राथमिकता १ : निरोध (**Preventation**) | | | | | | |
|---|---|---|---|---|---|---|
| **उद्देश्य :**<br>**सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिम सन्मूख समुह/समुदायहरूको पहिचान र संरक्षण गरी समुह/समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने र सचेतना अभिबृद्धिका लागि शिक्षा, पैरवी तथा सञ्चार माध्यमका अभियानहरूलाई प्रवर्द्धन गर्ने ।** | | | | | | |
| *क्र.सं.* | *रणनीति* | *कार्यक्रमहरू* | *कार्यान्वयन गर्ने मुख्य निकाय* | *सहयोगी निकाय* | *समयावधि* | *सूचकहरू* |
| १. | मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले अति जोखिम र जोखिम सन्मूख समूह/ समुदायहरूको पहिचान । | क. मानव वेचविखन तथा ओसारपसारका दृष्टिले संवेदनशील र संरक्षण आवश्यक भएका गा.वि.स तथा न.पाका विपन्न समुदायको नक्शांकन तथा वहुआयामिक बञ्चितिमा परेका समूह /समुदायको विवरण तयार गर्ने , | मा.बे.नि.जि.स.,<br>जि.बा.क.स.,<br>म.बा.का.<br>न.पा.,<br>गा.वि.स., | जि.वि.स.,<br>जि.त.का.,<br>जि.प्र का.तथा<br>वा.वा.से.के.,<br>स्थानीय महिला संस्था,<br>का.स.स<br>जि.श्रो.स.<br>गै.स.स., | १–२ वर्ष | • जोखिम र जोखिमसन्मुख समुदाय रहेका गाविस तथा नगरपालिकाका क्षेत्र/वडाहरूको संख्या । |
| | | ख. पहिचान भएका संवेदनशील समुह/सुमदायका सदस्यहरु सम्मिलित गाविसहरू र नगरपालिकाका क्षेत्र/वडाहरूमा सरोकारवाला स्थानीय सरकारी निकाय, गै.स.स. र समुदायमा आधारित संस्थाहरूवीच समन्वय र परिचालन गरी आवश्यकता अनुसार समितिहरूको गठन गर्ने । | | | | • मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध समितिहरू गठन प्रकृया विधि तयार भएको हुने ।<br>• मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध स्थानीय महिला तथा बालबालिकाको सहभागितामा गठन भएको समितिहरूको संख्या । |
| | | ग. मानव बेचबिखन तथा ओसारपसारका लागि अति जोखिम र जोखिमसन्मुख समुदायहरूको विवरण संकलन गरी अद्यावधिक राख्ने, विश्लेषण गर्ने तथा उपयोगी सूचनाहरू प्रकाशन गर्ने । | | | | • जोखिमपूर्ण र जोखिमसन्मूख परिवारहरूको संख्या<br>• विवरण अद्यावधिक भएको हुने । |
| | | घ. मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध जिल्लास्तर, नगरपालिका, गाविस र समुदाय स्तरमा कार्यरत निकाय, संस्था तथा संयन्त्रहरूको भूमिका सहित विवरण संकलन गर्ने । | | | | • संरचना तथा संयन्त्रहरूको विवरण प्रकाशित भएको हुने ।<br>• समन्वयात्मक रूपमा श्रोत परिचालन भएको हुने । |
| २ | बेचबिखन तथा ओसारपसारका | क. जोखिममा रहेका बालबालिकाहरूलाई स्थानीय बाल क्लब तथा सञ्जालहरूको माध्यमबाट बालमैत्री सुशासन पद्धतिमा क्रमश: | म.बा.का.,<br>जि.बा.क.स., | जि.प्रशा.का.,<br>जि.वि.स., | निरन्तर | • जोखिममा बालबालिकाहरूको संख्या ।<br>• बाल क्लबमा आवद्ध बालबालिकाहरूको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दृष्टिले जोखिममा रहेका बालबालिकाहरूको जोखिम कम गर्ने तथा बेचबिखन तथा ओसारपसारको कार्यलाई निरूत्साहित पार्ने उपायहरूको अवलम्बन । | आवद्ध गराई बेचबिखन विरूद्ध सचेत गराउने । | मा.बे.नि.जि.स., | गा.वि.स.,<br>न.पा.<br>जिल्ला बाल सञ्जाल | | संख्या । |
| | | ख. जोखिममा रहेका बालबालिकाहरूको समस्याको सम्बोधन गर्न चालु सामाजिक सुरक्षा कार्यक्रमहरूमा बाल संवेदनशीलता बढाउने । खर्चको अनुगमन तथा मुल्याङ्कन कडाईका साथ गर्ने । | रा.यो.आ.,<br>स्था.वि.म.,<br>म.बा.स.क.म. | विकास साझेदार संस्थाहरु<br>गै.स.स | निरन्तर | • बालबालिका केन्द्रित सामाजिक सुरक्षा कार्यक्रम लागु भएको हुने ।<br>• परिवारलाई दिइने नगद अनुदानको रकममा बृद्धि भएको हुने ।<br>• बालबालिका केन्द्रित सामाजिक सुरक्षा कार्यक्रम विस्तार भएका जिल्लाहरूको संख्या ।<br>• बालबालिका केन्द्रित सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित भएका बालबालिकाहरूको संख्या । |
| | | ग. अति विपन्न जोखिमपूर्ण र जोखिम सन्मूख समूदायका परिवारका लागि सामाजिक सुरक्षा  कार्यक्रम तथा रोजगारीको अवसर वृद्धि गर्ने । | | | | |
| | | घ. अतिविपन्न, जोखिमपूर्ण र जोखिमसन्मूख समुदायका परिवारका लागि सामाजिक सुरक्षा कार्यक्रम तथा रोजगारीको अवसर वृद्धि गर्दै बालबालिकाहरूको हेरचाह तथा संरक्षणलाई टेवा पुरयाउने । | | | | |
| | | ङ. जोखिममा रहेका बालबालिकाहरूको परिवारलाई लक्षित गरी आर्थिक सुरक्षाका साथै सामाजिक क्षमता अभिबृद्धि गर्नका लागि घर विकास कार्यक्रम र चालुकोषको व्यवस्था गरी जोखिमी न्यूनीकरण गर्ने । | म.बा.स.क.म,<br>स्था.वि.म.,<br>म.बा.वि.,<br>म.बा.का. | रा.यो.आ,  अर्थ मन्त्रालय | निरन्तर | • नगद अनुदानबाट लाभान्वित परिवारहरूको संख्या । |
| | | च. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका जिल्लाहरूमा कार्यरत बाल हेल्पलाइन (१०९८) र हराएका बालबालिकाहरूको लागि खोज तलास केन्द्रको  क्षमता अभिबृद्धि गर्दै आवश्यकता अनुसार मुख्य मुख्य शहर, बजार, सीमा नाकाहरूमा विस्तार गर्ने । | म.बा.स.क.मं.,<br>के.बा.क.स.,<br>जि.बा.क.स.,<br>गै.स.स., | अर्थ मन्त्रालय,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स.हरू,<br>बाल क्लबहरू | निरन्तर | • बाल हेल्पलाइन र बालबालिका खोज तलास केन्द्रहरू स्थापना भएका जिल्लाहरूको संख्या ।<br>• हेल्पलाइन र खोज तलास केन्द्रमा प्राप्त सूचनाहरूको संख्या ।<br>• फेलापरेका र परिवार तथा समुदायमा पुनःएकीकरण भएका बालबालिकाहरूको संख्या । |
| | | छ. बाल हेल्पलाइन र खोज तलास केन्द्रहरूको सञ्चालनमा एकरूपता कायम हुने गरी न्यूनतम मापदण्ड र कार्यसञ्चालन विधि निर्माण गरी कार्यान्वयनमा ल्याउने । | | | २ वर्ष | • न्यूनतम मापदण्ड र कार्यसञ्चालनको प्रकृया विधि तयार भएको हुने । |
| ३ | मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वहरूलाई सम्बोधन गर्न तथा जोखिमसन्मूख समुदाय विषेश गरी किशोर | क.  ग्रामिण समुदायमा व्यापक जनचेतना अभिबृद्धि गर्न मानव बेचबिखन तथा ओसारपसारका सवालहरूलाई औपचारिक तथा अनौपचारिक शिक्षामा समावेश गर्ने । | म.बा.स.क.म.,<br>शि.म.,<br>शि.वि. | विकास साझेदार संस्था,<br>गै.स.स.हरू, | २ वर्ष | • औपचारिक तथा अनौपचारिक शिक्षाको शिक्षण सामाग्रीहरू पुनरावलोकन भएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओससारपसारको  जोखिममा परेका समुदायका अभिभावक, विद्यालयका शिक्षकहरू तथा व्यवस्थापन समितिलाई लक्षित गरी मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासन सम्बन्धमा  अभिमूखीकरण तथा कार्यशाला | म.बा.स.क.म .,<br>श्र.या.ब्य.मं.,<br>मा.बे.नि.रा.स.,<br>मा.बे.नि.जि.स., | शि.म.,<br>शि.वि,<br>जि.शि.का.,<br>सामुदायिक प्रहरी | निरन्तर | • मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासन बारे सञ्चालन भएका अभिमूखीकरण तथा कार्यशालागोष्ठीहरू र लाभान्वीत शिक्षकहरूको संख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | किशोरीहरूको जोखिमी न्यूनीकरण गर्न औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमहरूको पहिचान । | गोष्ठीहरू सञ्चालन गर्ने ।<br>ग. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा परेका समुदायका विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई विद्यालय भेटघाट कार्यक्रम सञ्चालन गरी मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासनका सवालहरूबारे संवेदनशील बनाउने । | म.बा.बि.,<br>म.बा.का.<br>जि.प्र.का. | । | | • स्थानीय स्तरमा सञ्चालन भएका विद्यालय भेटघाट कार्यक्रम र लाभान्वीत शिक्षक र विद्यार्थीहरूको संख्या । |
| | | घ. शिक्षक तालिम सामग्रीहरूमा मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासनका बिषयहरू समावेश गर्ने । | शि.म.<br>म.बा.स.क.म | शि.बि.<br>म.बा.बि., | २ वर्ष | • शिक्षक तालिमको लागि शिक्षण सामाग्री पुनरावलोकन भएको हुने । |
| | | ङ. मानव बेचबिखन तथा ओसारपसारको समस्या समाधानका लागि किशोर/किशोरी शिक्षा, युवा सञ्जाल, भाईबहिनी कार्यक्रम तथा स्वास्थ्य सम्बन्धी गतिविधिहरूलाई महिला समुह, वाल क्लव, युवा क्लव,स्थानीय वन उपभोक्ता समिति, खानेपानी समूह, संस्था र सहकारी लगायत समुदायमा आधारित समूह तथा सञ्जालहरूसँग आवद्ध गर्ने ।<br>च. वालवालिकालाई जिल्ला बाहिर लैजाँदा कहाँ, कसरी किन लैजाने भन्ने रेकर्ड स्थानीय निकायमा राख्ने ।<br>छ. जिल्ला स्तरीय वाल क्लव तथा अभिभावक संधलाई मानव वेचविखन तथा ओसारपसार र सुरक्षित आप्रवासन सम्बन्धी तालिम गोष्ठी संचालन । | म.बा.स.क.म,<br>म.बा.बि,<br>म.बा.का | शि.म.,<br>शि.बि.,<br>जि.शि.का.,<br>जि.स्वा.का,<br>विकास साझेदार संस्थाहरु<br>गै.स.स.हरू, | निरन्तर | • तोकिएका क्रियाकलापहरू महिला विकास कार्यक्रममा समायोजन भएको हुने ।<br>• आवद्ध भएका सञ्जाल तथा समुहहरूको संख्या । |
| ४ | सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका/परेका समुदायहरूको सशक्तिकरणमा केन्द्रित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन । | क. जोखिममा रहेका महिलाहरू तथा वाल वालिकाहरूको अवस्था मूल्याङ्कन गरी सामाजिक आर्थिक रूपमा पछाडि पारिएका सबै महिला तथा वालवालिकाहरूलाई महिला विकास कार्यक्रममा समावेश गर्ने । | म.बा.बि.,<br>म.बा.का. | जि.बि.स.,<br>न.पा.,<br>गा.वि.स. | निरन्तर | • महिला विकास कार्यक्रममा समावेश भएको अतिविपन्न र सीमान्तीकृत महिलाहरूको संख्या । |
| | | ख. गा.वि.स.हरूमा कानूनी सहायता समितिहरु , महिला अधिकार क्षेत्रमा काम गर्ने समूहहरू, गाउँ वाल संरक्षण समितिहरू तथा स्थानीय स्तरमा रहेका अन्य समितिहरू मार्फत मानव बेचबिखन तथा ओसारपसारका सवालहरू, सुरक्षित आप्रवासनका बिषय तथा लैङ्गिक हिंसा बारे कानूनी सचेतना जगाउने । | श्र.या.व्य.मं.,<br>म.बा.स.क.म | जि.बि.स.,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स | निरन्तर | • जिल्लाहरूमा स्थानीय समितिहरु गठन भएको हुने<br>• तालिम तथा अनुशिक्षणमा समावेश भएका महिलाहरूको संख्या । |
| | | ग. सचेतना कार्यक्रममा दलित, मुस्लीम, आदिवासी जनजाति, एकल महिला, तेश्रो लिङ्गी, अपाङ्गता भएका तथा सामाजिक आर्थिक रूपमा पछाडि पारिएका समुदाय विशेष गरी महिला तथा वालवालिकाहरूलाई समावेश गर्ने । | | | | • स्थानीय स्तरमा गठन भएका समितिमा समावेश भएका दलित, मुस्लीम, आदिवासी जनजाति, एकल महिला, तेश्रो लिङ्गी, अपाङ्गता भएका तथा सामाजिक आर्थिक रूपमा पछाडि पारिएका महिला तथा वालवालिकाको संख्या । |
| | | घ. विभिन्न संस्थाहरूको माध्यमबाट उपलब्ध गराईने लघु ऋण, सीप अभिबृद्धि तालिम, कृषि तथा गैरकृषि क्षेत्रमा आय आर्जन तथा | म.बा.स.क.म,<br>स्था.वि.म | रा.यो.आ<br>कृ.स.म., | निरन्तर | • मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिम सन्मुख सीमान्तीकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रोजगारीका अवसरहरूलाई अधिकतम मात्रामा मानव बेचबिखन तथा ओसार पसारका दृष्टिले जोखिम सन्मुख सीमान्तीकृत वर्गको उत्थानका लागि प्रयोग हुने गरी परिचालन गर्न स्थानीय निकाय, गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको कार्यक्रममा समावेश गराउने । | गरिवी निवारण कोष,<br>स.क.प. | उ.म. | | वर्गहरू विभिन्न तालिम तथा अवसरहरूमा समावेश भएको संख्या । |
| | | ङ. बादी, तेश्रो लिङ्गी, कमैया, कमलरी, हलिया, अपाङ्गता भएका लगायत अति विपन्न वर्गका महिला तथा बालबालिकाहरूको सामाजिक सुरक्षालाई लक्षित गरी सामाजिक सुरक्षा तथा चालुकोष परिचालन गरी घरविकास कार्यक्रमको विस्तार गर्ने । | म.बा.स.क.म.,<br>म.बा.बि. | रा.यो.आ.,<br>अ.म.,<br>स्था.बि.म,<br>भू.सु.मं | निरन्तर | • नगद अनुदान कार्यक्रमको नीति तर्जुमा भएको हुने ।<br>• कार्यान्वयनमा आएका परियोजनाहरूको संख्या । |
| ५ | आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि डान्स बार, रेष्टुरा, केबिन र मसाज पार्लर जस्ता क्षेत्रमा प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको व्यवस्था । | क. डान्स, बार, केविन, मसाज पार्लर, व्युटि पार्लर, रेष्टुराँ जस्ता क्षेत्रमा कार्यरत महिला तथा वालवालिकाहरूको यौन शोषण तथा दुर्व्यवहार हुन नदिन प्रभावकारी नियमन तथा अनुगमनका लीग सर्वोच्च अदालतबाट प्राप्त निर्देशनात्मक आदेश मुताविक कानून निर्माण गरी लागू गर्ने । | गृ.म.,<br>प्र.प्र.का.,जि.प्र.का,<br>जि.प्र.शा.का,<br>म.बा.स.क.म.,<br>मा.बे.नि.रा.स.,<br>म.बा.बि.,<br>मा.बे.नि.जि.स.,<br>म.वा.का. | श्र.या.व्य.म,<br>प.ना.उ.म.,<br>जि.अ.,<br>ने.बा.ए,<br>न.पा.,<br>गा.वि.स.,<br>विकास साझेदार संस्था,<br>गै.स.स.हरू, | १–२ वर्ष | • महिलाहरूको यौन शोषण तथा दुर्व्यवहार हुन नदिन प्रभावकारी नियमन तथा अनुगमनका लागि सर्वोच्च अदालतबाट प्राप्त निर्देशनात्मक आदेश मुताविक कानूनी व्यवस्था भई लागू भएको हुने । |
| | | ख. (क) मा उल्लिखित क्षेत्रमा कार्यरत किशोरी तथा महिलाहरूको समस्या बारे तथ्याङ्क संकलन गरी अध्ययन तथा विश्लेषण गर्ने । | | | | • किशोरी तथा महिलाहरूको समस्या बारेमा गरिएका अध्ययनहरूको संख्या । |
| | | ग. (क) मा उल्लिखित क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरू माथि हुने यौन दुर्व्याहार तथा श्रम शोषण नियन्त्रण गर्ने उद्देश्यले सञ्चालक, व्यवस्थापक, कामदार, घरमालिक तथा ग्राहकहरूका लागि आचार संहिता लागू गर्ने र सो को अनुगमन गर्ने । | | | | • तोकिएको वर्गका लागि आचार संहिता निर्माण भएको हुने ।<br>• आचार संहिताको पालना नगरेका कारण कारवाहीमा परेका सञ्चालक, व्यवस्थापक, कामदार, घरमालिक तथा ग्राहकहरूको संख्या । |
| | | घ. (क) मा उल्लेखित क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरूमाथि हुने यौन जन्य शोषण, उत्पीडन तथा दुर्व्यवहार नियन्त्रण गर्न मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको सक्रियतामा स्थानीय प्रशासन, प्रहरी, स्थानीय निकाय, महिला बालबालिका कार्यालय तथा अन्य स्थानीय संघ संस्थाका प्रतिनिधिहरू सम्मिलित नियमन तथा अनुगमन संयन्त्र निर्माण गरी नियमित रुपमा अनुगमन गर्ने । | | | | • नियमन तथा अनुगमन संयन्त्र निर्माण भएको हुने ।<br>• अनुगमन गरेको प्रतिवेदन तालुक निकायमा प्रस्तुत भएको हुने ।<br>• नियमन तथा अनुगमनको सिलसिलामा कारवाहीमा परेका दूर्व्यवहार गर्ने ब्यक्ति तथा पीडकहरूको संख्या । |
| ६ | स्वदेश तथा विदेशमा रोजगारी चाहने कामदारहरू तथा विपन्न समुदायका महिला, किशोर किशोरी तथा अन्यलाई | क. निजी क्षेत्रसँगको साझेदारीतामा महिला तथा किशोरीहरू लगायत जोखिमयुक्त समुदायका महिलाहरूलाई लक्षित गरी वैकल्पिक रोजगारीका अवसरहरू पहिचान गर्ने । | म.बा.स.क.म.<br>श्र.या.व्या.म.,<br>म.बा.बि. | उ.म.,<br>बा.आ.म.,<br>ने.उ.बा.म.सं,<br>वै.रो. क. | निरन्तर | • वैकल्पिक रोजगारीका अवसरहरू पहिचान भएको हुने । |
| | | ख. स्थानीय बजारको संम्भाव्यता हेरी महिला लक्षित व्यावसायिक सीपमूलक तालिमहरू संचालन गर्ने । | उ.म.,<br>श्र.या.व्या.म.,<br>घ.सा.उ.बि. | म.बा.स.क.म,<br>म.बा.बि.,<br>जि.वि.स, न.पा | निरन्तर | • सञ्चालन भएका व्यावसायिक सीपमूलक तालिमहरूको संख्या ।<br>• लक्षित व्यावसायिक सीपमूलक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सीप तथा क्षमता विकास, स्वरोजगारमूलक तालिम तथा आय आर्जनको अवसर सिर्जना । | | | | | तालिमहरूमा महिला सहभागीहरूको संख्या । |
| | | ग. सम्भाव्य आप्रवासी कामदारहरूलाई सीप विकास तालिम दिनका लीग फर्केर आएका आप्रवासी कामदारहरूको सीप तथा अनुभव जानकारी गराउन सम्भाव्यता अध्ययन गर्ने र सम्भव भएका क्षेत्र र बिषयमा सोही मुताविक अन्तरक्रिया तथा प्रशिक्षणको व्यवस्था मिलाउने । | श्र.या.व्या.म. | म.बा.स.क.म,<br>म.बा.बि.,<br>वै.रो.क. | निरन्तर | • सम्भाव्यता बारे अध्ययन प्रतिवेदन सार्वजनिक भएको हुने ।<br>• प्रशिक्षकका रूपमा कार्यरत फर्केर आएका आप्रवासी कामदारहरूको संख्या । |
| | | घ. मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण र सुरक्षित आप्रवासनको प्रवर्द्धन का लागि बैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको सिकाई र अनुभव बारे स्थानीय स्तरमा उपयोग गर्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने । | जि.वि.स,<br>न.पा,<br>गा.बि.स. | म.बा.का. | निरन्तर | • स्थानीय निकायको कार्यक्रममा फर्किएका कामदारहरूको सीप र दक्षतालाई उपयोग गर्ने नीति तथा कार्यक्रम तयार भएको हुने । |
| | | ङ. ग्रामिण क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने र उत्पादनमूलक क्षेत्रको पहिचान गर्ने गरी निजी क्षेत्रको साझेदारिमा विप्रेषणको सही लगानीका आधारहरू निर्माण गर्ने । | श्र.या.व्या.म. | अ.म<br>ने.रा.बै.<br>ने.उ.बा.म.सं.<br>वै.रो.क. | निरन्तर | • निजी क्षेत्रको साझेदारितामा विप्रेषणको सही लगानीका आधारहरू निर्माण भएको हुने ।<br>• ग्रामिण क्षेत्रमा रोजगारीका अवसरको पहिचान भई रोजगारी विस्तार भएको हुने ।<br>• रोजगारको संख्या । |
| | | च. सम्भाव्य आप्रवासी महिला घरेलु कामदारहरू तथा हेरचाहकर्ताहरूलाई लक्षित गरी आधुनिक घरेलु उपकरण प्रयोग सम्बन्धी तालिमहरूको आयोजना गर्ने । | श्र.या.व्या.म. | ने.उ.बा.म.सं. | निरन्तर | • आधुनिक घरेलु उपकरण प्रयोग सम्बन्धी तालिमहरूको आयोजना भएको संख्या ।<br>• तालिम प्राप्त सम्भाव्य महिला आप्रवासी कामदारहरूको संख्या । |
| | | छ. जिल्ला तथा गा.वि.स. स्तरमा सम्भावित आप्रवासी कामदारहरूमा विशेष गरी महिला कामदारहरूलाई लक्षित गरी रोजगारीका लागि जाने मुलुकको भाषा, संस्कृति, चालचलन तथा सुरक्षित आप्रवासन सम्बन्धी तालिम तथा अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने । | जि.बि.स.,<br>न.पा.,<br>गा.बि.स., | श्र.या.व्या.म<br>वै.रो.क.<br>. | निरन्तर | • भाषा सम्बन्धी सञ्चालन भएका तालिमहरूको संख्या ।<br>• सुरक्षित आप्रवासन बारे सञ्चालित अभिमूखीकरण कार्यक्रमहरूको संख्या ।<br>• तालिम तथा अभिमूखीकरण कार्यक्रममा सहभागीहरूको संख्या । |
| ७ | बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह तथा प्रभावितहरू बारे एकीकृत तथ्याङ्क व्यवस्थापन तथा | क. मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूको अभिलेखिकरण तथा प्रतिवेदनका लागि लैङ्गिक खण्डिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको निर्माण तथा सुदृढीकरण गर्ने । | म.बा.स.क.म,<br>म.बा.बि. | सरोकारवाला सबै मन्त्रालयहरू<br>के.त.वि | १ वर्ष | • लैङ्गिक खण्डिकृत तथ्यांक व्यवस्थापन प्रणालीको निर्माण भएको हुने । |
| | | ख. जोखिमपूर्ण समुदाय र प्रभावितहरूको घटना बारे अनुगमन हुने गरी महिला तथा बालबालिका कार्यालयहरूमा गा.वि.स र नपावाट पठाएको तथ्याङ्कहरू संकलन गरी एकीकृत सूचना तथा व्यवस्थापन प्रणालीको विकास गर्ने । | मा.बे.नि.जि.स.<br>म.बा.का. | जि.बि.स.<br>गाविस,<br>नपा<br>तथा | १–२ वर्ष | • जोखिमपूर्ण समुदाय र प्रभावितहरूको घटना बारे एकीकृत सूचना तथा व्यवस्थापन प्रणालीको शुरूवात भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सूचना प्रणालीको विकास । | | | सरोकारवाला निकाय<br>जि.त.का<br>गै.स.स.हरू<br>. | | |
| | | ग. राष्ट्रिय तथा स्थानीयस्तरमा तथ्यांक व्यवस्थापनका लागि डाटावेस निर्माण गरी सम्बन्धित कर्मचारीहरूलाई तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम दिने । श्रोत साधन तथा भौतिक व्यवस्था राष्ट्रिय स्तर देखि स्थानीय स्तरसम्म पुऱ्याउने । | म.बा.स.क.म,<br>म.बा.बि. | विकास साझेदार संस्थाहरु | निरन्तर | • तथ्यांक व्यवस्थापनका लागि डाटावेस तयार भएको हुने ।<br>• तथ्यांक व्यवस्थापन सम्बन्धी तालिम प्राप्त सम्बन्धित कर्मचारीहरूको संख्या । |
| ८ | बेचबिखन तथा ओसारपसारको प्रकृति, कारण, असरका सूचकहरूको बारेमा शिक्षा तथा जनचेतना अभिबृद्धि । | क. मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासन सम्बन्धी जनचेतनामूलक बिषयबस्तुहरू समावेश गर्न माध्यमिकस्तरका विद्यालयहरूको पाठ्यक्रम तथा पाठ्य पुस्तकहरूको समिक्षा गरी श्रम शोषण तथा यौन शोषणबारे जानकारी गराउने सामग्रीहरू समावेश गर्ने । | शि.म.,<br>म.बा.स.क.म,<br>श्र.या.व्या.म., | शि.बि,<br>म.बा.बि.,<br>वै.रो.वि., | २ वर्ष | • माध्यमिकस्तरका विद्यालयहरूको पाठ्यक्रम तथा पाठ्य पुस्तकहरूको समिक्षा भएको हुने ।<br>• मानव बेचबिखनतथा ओसारपसार र सुरक्षित आप्रवासन सम्बन्धी जनचेतनामूलक बिषयबस्तुहरू विद्यालयहरूको पाठ्यक्रममा समावेश भएको हुने । |
| | | ख. विशेष गरी महिला तथा बालबालिकाहरू तथा बयस्कहरू को श्रम शोषण तथा यौन शोषण हुन नदिन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली, २०६५ ,अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) द्वारा निर्मित सूचकहरू, बालश्रम निषेध गर्ने ऐन बारे व्यापक प्रचार प्रसार हुने गरी जानकारीमूलक सूचना सामग्रीहरूको उत्पादन र वितरण गर्ने । | म.बा.स.क.म,<br>श्र.या.व्या.म. | सू.सं.मं.,<br>ने.प.म.सं.,<br>विकास साझेदार संस्थाहरु | निरन्तर | • जानकारीमूलक सूचना सामग्रीहरू (IEC Material) को उत्पादन र वितरण भएको संख्या । |
| | | ग. (ख)मा उल्लिखित विषय बारे विभिन्न सरकारी तथा स्थानीय निकायहरू, गैरसरकारी संस्थाहरू र समुदायमा आधारित संस्थाहरूको माध्यमबाट व्यापक प्रचार प्रसार गर्ने गराउने । | सू सं म.<br>मा.बे.नि.जि.स., | जि.बि.स.,<br>न.पा.,<br>गा.बि.स.,<br>गै.स.स.हरू<br>संचार माध्यमहरु | निरन्तर | • विभिन्न सञ्चार माध्यमहरूबाट व्यापक प्रचार प्रसार भएको हुने । |
| ९ | स्थानीय स्तरमा बेचबिखन तथा ओसारपसारलाई रोक्न सुरक्षित आप्रवासनसम्बन्धी सूचना केन्द्रहरूको स्थापना । | क. सरकारी कागजातहरू (जस्तै पासपोर्ट, नागरिकता) बनाउन तथा सिफारिश लिन आउने सम्भाव्य आप्रवासी कामदारहरू तथा तिनका परिवारहरूलाई सुरक्षित आप्रवासन सम्वन्धी सूचना प्रदान गर्न गाविस तथा जिल्ला प्रशासन कार्यालयहरूमा आवश्यकता अनुसार सुरक्षित आप्रवासन सूचना केन्द्रहरू स्थापना गर्ने । | श्र.या.व्या.म<br>प.म.<br>गृ.म. | जि.प्र.का.,<br>जि.बि.स., न.पा.,<br>गा.वि.स.,<br>गै.स.स.हरू | ३ वर्ष | • जिल्ला प्रशासन तथा गाविस कार्यालयहरूमा सुरक्षित आप्रवासन सूचना केन्द्रहरू स्थापना भएको संख्या ।<br>• सूचना केन्द्रबाट सूचना पाएका लक्षित समूहको संख्या । |
| | | ख. मुख्य मुख्य विमानस्थल, अन्तर्राष्ट्रिय सीमा नाकाहरू, वसपार्क जस्ता सार्वजनिक ठाउँहरूमा यौन शोषण तथा श्रम शोषण बारे सुसूचित गर्न र सुरक्षित आप्रवासन बारे सूचना प्रवाह गर्न सूचना | श्र.या.व्या.म<br>गृ.म.<br>प.म | त्रि.अ.वि.<br>म.बा.स.क.म,<br>स्था.बि.म., | २ वर्ष | • मुख्य मुख्य विमानस्थल, अन्तर्राष्ट्रिय सीमा नाकाहरू, वसपार्क, जस्ता सार्वजनिक ठाउँहरूमा सुरक्षित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | केन्द्र/सहायता केन्द्र (Information /Help Desk) हरूको स्थापना गर्ने । | अ.म. | प.ना.उ.म.,<br>जि.बि.स.,<br>न.पा. | | आप्रवासन बारे सूचना केन्द्रहरू स्थापना भएको संख्या ।<br>• सूचना केन्द्रहरूबाट सूचना पाएका लक्षित समूहको संख्या । |
| | | ग. सुरक्षित आप्रवासन, आप्रवासी कामदारहरूको खासगरी महिलाहरूको अवस्था, अधिकार तथा कर्तब्य बारे सूचना सामग्रीहरू विभिन्न स्थानीय भाषाहरूमा तयार गरी वितरण गर्ने । | श्र.या.व्या.म.,<br>म.बा.स.क.म,<br>सू.सं.म. | स्था.बि.म.,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स.हरू | निरन्तर | • जानकारीमूलक सूचना सामग्रीहरू विभिन्न स्थानीय भाषाहरूमा प्रचारप्रसार भएको हुने । |
| १० | बेचबिखन तथा ओसारपसार बिरूद्ध मिडियाको क्षमता र संवेदनशीलता अभिबृद्धि र तिनीहरू मार्फत सचेतना । | क. सञ्चार माध्यमहरूलाई प्रभावितहरूको अधिकार तथा मानवअधिकार बारेमा संवेदनशील बनाउन अधिकारमूखी सोचबाट तालिम कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने । | रा.मा.अ.आ.<br>म.बा.स.क.म,<br>म.बा.बि. | सू.सं.म.,<br>ने.प.म.सं | निरन्तर | • सञ्चार माध्यमहरूलाई अधिकारमूखी सोचबाट दिइएका तालिमहरूको संख्या<br>• तालिममा सहभागी सञ्चारकर्मीहरूको संख्या । |
| | | ख. समुदाय स्तरमा मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासन सम्बन्धी जनचेतना जगाउन स्थानीय भाषामा विद्युतीय तथा छापा माध्यमबाट जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने । | सु.सं.म.,<br>ने.प.म.सं.,<br>सामुदायिक रेडियोहरू | श्र.या.व्या.म.,<br>म.बा.स.क.म,<br>म.बा.बि. | निरन्तर | • स्थानीय भाषामा विभिन्न माध्यमबाट सञ्चालन भएको जनचेतनामूलक कार्यक्रमको संख्या । |
| ११ | अनुगमन, प्रभाव मूल्यांकन, लेखाजोखा तथा प्रतिवेदन । | क. मानव बेचबिखन तथा ओसारपसार बिरूद्धमा सचेतनात्मक तथा निरोधात्मक क्रियाकलापहरूको नियमित रूपमा अनुगमन तथा मुल्याङ्कन गर्ने । | म.बा.स.क.म,<br>म.बा.बि.,<br>मा.बे.नि.रा.स.,<br>मा.बे.नि.जि.स.,<br>म.वा.का. | विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | निरन्तर<br><br>निरन्तर | • अनुगमन तथा मुल्याङ्कन गरिएको संख्या ।<br>• अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन । |
| | | ख. सरकारी तथा गैरसरकारी क्षेत्रबाट मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध भए गरेका गतिविधिहरूको प्रगति समिक्षा सहितको मानव बेचबिखनतथा ओसारपसार सम्बन्धी बार्षिक पुस्तिकाको संयोजन, प्रकाशन वितरण गर्ने गराउने । | | | | • बार्षिक प्रतिवेदन प्रकाशन भएको हुने । |
| | | ग. मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध सक्रीय रूपमा कार्यरत निग्रानी राख्ने स्वायत्त संस्थाहरूको धारणा सहितको नेपालमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी स्थितिबारे बार्षिक रूपमा राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिने । | रा.मा.अ.आ.,<br>रा.म.आ., | म.बा.स.क.म,<br>रा.म. आ, विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | | • राष्ट्रिय प्रतिवेदन प्रकाशन भएको संख्या । |
| | | घ. मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासनसँग सम्बन्धित कार्यक्रमहरू तथा मानव बेचबिखनबाट प्रभावितहरूको लागि उपलब्ध सेवाहरूको सूचना on line मा राख्ने व्यवस्थाको विकास गरी SAARC Gender Info Base (SGIB) सँग एकीकृत गर्ने । यसलाई DPMAS मा आवद्ध गर्ने । | म.बा.स.क.म,<br>श्र.या.व्या.म.,<br>स्था.वि.म,<br>के.त.बि.<br>जि.वि.स. | जि.त.का,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | | • On line सूचना प्रकाशन भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | ङ. जिल्लामा सञ्चालित मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी निरोधजन्य क्रियाकलापहरू निरन्तर अनुगमन गरी सम्बन्धित निकायहरूमा प्रतिवेदन पठाउने व्यवस्था मिलाउने । | म.वा.का., मा.बे.नि.जि.स. | म.बा.स.क.म, म.वा.वि, मा.बे.नि.रा.स. | निरन्तर | • अनुगमन प्रतिवेदनको संख्या |

| प्राथमिकता २ : संरक्षण (Protection) | | | | | | |
|---|---|---|---|---|---|---|
| **उद्देश्य :** **मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण र सहयोगका लागि स्थापना भएका संयन्त्रहरूद्वारा पीडित/प्रभावितहरूको मानव अधिकारको सम्मान गर्दै एकीकृत र प्रभावकारी सेवा प्रवाहको सुनिश्चिता गर्ने ।** | | | | | | |
| *क.सं.* | *रणनीति* | *कार्यक्रमहरू* | *कार्यान्वयन गर्ने मुख्य निकाय* | *सहयोगी निकाय* | *समयावधि* | *सूचकहरू* |
| १ | स्वदेश तथा विदेशबाट उद्धार गरिएका, आफै फर्केका र स्वेच्छाले फर्किन चाहने पीडित/प्रभावितहरूको अवस्था पहिचान । | **क.** उद्धार गरिएका, आफै फर्किएका र विभिन्न पुर्नस्थापना केन्द्रमा राखिएका मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित खास गरी विशेष प्रकृतिका र अपाङ्गता हुने गरी प्रभावित महिला तथा बालबालिकाहरूको बिबरण संकलन र विश्लेषण गर्ने । | म.बा.स.क.म.,<br>श्र.या.व्य.म.,<br>मा.बे.नि.रा.स.,<br>मा.बे.नि.जि.स. | प.म.,<br>स्था.वि.म.<br>के.त.वि.,<br>जि.वि.स.<br>गा.वि.स<br>न.पा,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स.हरू | निरन्तर | • पीडित/प्रभावित महिला तथा बालबालिकाहरूको संकलित बिबरण । |
| | | **ख.** सम्बन्धित गन्तब्य देशमा रहेका मानव वेचविखन तथा ओसार पसारबाट पीडित/ प्रभावित नेपालीहरुको सम्भव भए सम्मको विवरण संकलन गरी अद्यावधिक गर्ने । | श्र.या.व्य.म., | म.बा.स.क.म.,<br>प.म.,<br>कुटनैतिक नियोग,<br>महाबाणिज्य दूत,<br>श्रम सहचारी | निरन्तर | • विदेशमा रहेका र स्वेच्छाले स्वदेश फर्कन चाहने पीडित/ प्रभावितहरूको संकलित विवरण । |
| | | **ग.** श्रम शोषण तथा यौन शोषणका उद्देश्यले विदेशमा बेचबिखन तथा ओसारपसारमा परेका नेपाली बालबालिकाहरुको उद्धार गरी स्वेच्छिक स्वदेश फिर्तिका लागि कुटनैतिक पहल गर्ने ।<br>**घ.** स्वदेशमा उद्धार गरिएका बालबालिकाका हकमा स्वेच्छिक पारिवारिक पुनर्स्थापना गर्ने । | प.म,<br>म.बा.स.क.म.<br>मा.बे.नि.रा.स.,<br>श्र.या.व्य.म., | कुटनैतिक नियोग,<br>महाबाणिज्य दूत,<br>श्रम सहचारी<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | निरन्तर | • बेचबिखन तथा ओसारपसारमा परेका नेपाली बालबालिकाकाहरूको विवरण अद्यावधिक भएको हुने ।<br>• उद्धार गरी स्वदेश फिर्ति भएका पीडित/प्रभावित बालबालिकाको संख्या ।<br>• स्वदेशमा उद्धार गरी पारिवारिक पुनर्स्थापन भएका बालबालिकाहरूको संख्या । |
| २ | पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारका लागि संयन्त्रहरूको निर्माण तथा सुदृढीकरण । | **क.** बेचबिखन तथा ओसारपसारबाट पीडित/ प्रभावितहरूको अधिकार सुनिश्चित हुने गरी हेरचाह र संरक्षणसम्बन्धी न्यूनतम मापदण्ड र उद्धार तथा स्वदेश फिर्तिसम्बन्धी कार्यपद्धतिमा देहायको वर्गको विशेष आवश्यकतालाई ध्यान दिने :<br>• पीडित/प्रभावित बालबालिकाहरू<br>• पीडित/प्रभावित बयस्कहरू (महिलाहरूका लागि विशेष ध्यानमा राख्ने) | म.बा.स.क.म.,<br>मा.बे.नि.रा.स., | विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | १–२ वर्ष | • पीडित/प्रभावितहरूको अधिकार सुनिश्चित हुने गरी हेरचाह र संरक्षणसम्बन्धी उद्दार र स्वदेश फिर्ति कार्य पद्धति सुदृढ भएको हुने ।<br>• |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | ख. केन्द्र तथा जिल्लाहरूमा बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणका लागि कार्यरत सरोकारवाला संस्थाहरूको सञ्जाल निर्माण गरी आपसी सहयोग र सहकार्यलाई प्रोत्साहन दिने । सञ्जाल निर्माण भईसकेका जिल्लाहरूमा कार्यरत सञ्जालहरूलाई परिचालन गर्ने । | म.बा.स.क.म.,<br>म.बा.बि.,<br>म.बा.का.,<br>मा.बे.नि.रा.स.,<br>मा.बे.नि.जि.स. | विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | निरन्तर | • आपसी सहयोग र सहकार्यको लागि परिचालन भएका सञ्जालहरूको संख्या । |
| | | ग. बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू तथा विदेशमा काम गर्ने कामदारहरूको अधिकारलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार र गन्तव्य देशका सरकारहरूबीच द्विपक्षीय सम्झौता पत्र (MOU) मा हस्ताक्षर र आदानप्रदान गर्ने गराउने पद्धतिको निर्माण गर्ने । | श्र.या.व्य.म. | प.म.,<br>का.न्या.म. | निरन्तर | • नेपाल सरकार र गन्तव्य देशका सरकारहरूबीच भएको द्विपक्षीय सम्झौता संख्या । |
| | | घ. कुटनीतिक नियोगहरूमा मानव बेचबिखन तथा ओसारपसारवाट पीडित/प्रभावतिहरूलाई उद्धार तथा स्वदेश फिर्तिका लागि सम्वन्धित मन्त्रालयसंग समन्वय गरी आवश्यक वजेट व्यवस्था गर्ने । | प.म. | अ.म.,<br>श्र.या.व्य.म.,<br>म.बा.स.क.म. | निरन्तर | • आवश्यक वजेट विनियोजन भएको हुने । |
| | | ङ. गन्तव्य मुलुकमा रहेका नेपाली डायसपोराहरूको[′] क्षमता पहिचान गरी श्रम शोषण र यौन शोषणमा परेका उद्धार गर्न आवश्यक पीडित/प्रभावितहरूको उद्धार कार्यहरूमा कुटनैतिक नियोग, श्रम सहचारी र नेपाली डायसपोरा बीचको आपसी सहकार्यको रूपरेखा तयार गरी कार्यान्वयनमा ल्याउने । | श्र.या.व्य.म.<br>म.बा.स.क.म., | प.म.,<br>कुटनैतिक नियोग,<br>महावाणिज्य दूत,<br>श्रम सहचारी,<br>विभिन्न मुलुकमा रहेका नेपाली डायसपोरा | निरन्तर | • विभिन्न मुलुकहरूमा नेपाली डायसपोराहरूको पहिचान भएको हुने<br>• डायसपोरासंग सहकार्यको रूपरेखा निर्माण भएको हुने । |
| ३ | बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको स्वेच्छिक स्वदेश फिर्तिसम्बन्धमा प्रभावकारी संयन्त्रको विकास । | क. पीडित/प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्तिका बिषयमा लेखाजोखा पूर्वानुमान र सम्बद्ध सरकारी निकाय, सरोकारवाला सहयोगी संस्थाहरू र विकास साझेदारवीच समन्वय राख्न केन्द्रीयस्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले प्रमुख भूमिका निर्वाह गरी सहयोग र सहकार्यको आवश्यक व्यवस्था मिलाई कार्यान्वयन गर्ने । | म.बा.स.क.म.,<br>मा.बे.नि.रा.स. | श्र.या.व्य.म.,<br>प.म.,<br>गृ.म.,<br>स.क.प.,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | निरन्तर | • सहयोग तथा सहकार्य सम्बन्धी कार्यपद्धति कार्यान्वयन भएको हुने । |
| | | ख. स्वदेश फर्कन चाहने पीडित/प्रभावित र तिनका आश्रित बालबालिकाहरूलाई लक्षित गरी फिर्ति प्रकृयालाई नियमन, सहजीकरण र अनुगमन गर्नका लागि विधि निर्धारण र मानव | म.बा.स.क.म. | प्र.म.म.प.का.,<br>प.म. | १ वर्ष | • कार्यसञ्चालन विधि निर्धारण भएको हुने ।<br>• म.बा.वि.लाई केन्द्रीय निकायका रूपमा र |

[′] कुनै विदेशी मुलुकमा पुगेका स्वदेशी नागरिकहरूले स्वतःस्फूर्त रूपमा सिर्जना गरेको जमघट वा समाजलाई डायसपोरा भन्ने गरिन्छ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको निर्देशनमा कार्य सम्पादन गर्न महिला तथा बालबालिका विभागलाई जिम्मेवार निकायका रूपमा तोक्ने । | | | | म.बा.का.लाई जिल्लामा जिम्मेवार निकायका रूपमा तोकिएको नेपाल सरकारको निर्णय । |
| | | ग. अन्तर्राष्ट्रिय सीमा नाका र प्रवेश विन्दू रहेका जिल्लाहरूमा सीमा पारीबाट तत्काल उद्धार, स्वदेशफिर्ति, सम्प्रेषण सेवा, पुनर्स्थापना तथा पुनर्मिलन आदि कार्यका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति र महिला तथा बालबालिका कार्यालयलाई जिल्लाका लागि जिम्मेवार सम्पर्क निकायका रूपमा तोक्ने । | | | | |
| ४ | पुनर्स्थापना केन्द्रहरूको सञ्चालनमा एकरूपता र स्तरिकरण कायम हुने गरी मापदण्ड निर्माण । | क. सरकारी तथा गैरसरकारी क्षेत्रमा बेचबिखन तथा ओसारपसार पीडित⁄प्रभावितहरूलाई सेवा पुऱ्याउने उद्देश्यले सञ्चालनमा रहेका सुरक्षा गृहहरू (पुनर्स्थापना केन्द्र, सेवा केन्द्र वा सुरक्षा गृह आदि) बारे तिनीहरूको नाम, ठेगाना, क्षमता र उपलब्ध सेवाहरू लगायतका आवश्यक विवरण संकलन गरी अद्यावधिक राख्ने । | मा.बे.नि.रा.स., मा.बे.नि.जि.स. | गै.स.स. हरू | १ वर्ष | • सरकारी तथा गैरसरकारी क्षेत्रमा बेचबिखन तथा ओसारपसार पीडित⁄प्रभावितहरूलाई सेवा पुऱ्याउने उद्देश्यले सञ्चालनमा रहेका विभिन्न नामका संरक्षण गृहको विवरण अद्यावधिक भएको हुने । |
| | | ख. सुरक्षा गृहहरूबाट पीडित⁄प्रभावितहरूका लागि प्रवाह हुने सेवालाई पीडित⁄ प्रभावित मैत्री बनाई एकरूपता कायम गराउन र स्तरिकरण गर्न न्यूनतम मापदण्ड निर्माण गर्ने र कार्यान्वयनमा ल्याउने । | मा.बे.नि.रा.स., म.बा.स.क.म., | प्र.म.म.प.का., विकास साझेदार संस्थाहरु, गै.स.स. हरू | १ वर्ष | • निम्न बुंदाहरूलाई समेत ध्यानमा राखी न्यूनतम मापदण्ड निर्माण भएको हुने :<br>– अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सेवा प्रदान गर्ने संरक्षण गृहहरू,<br>– बेचबिखन तथा ओसारपसारवाट पीडित⁄ प्रभावित महिलाहरू र तिनका आश्रित बालबालिकाहरू,<br>– बेचबिखन तथा ओसारपसार पीडित⁄प्रभावित बालबालिका तथा तिनका आश्रित बालबालिकाहरूको सर्वोत्तम हित,<br>– श्रोत जिल्ला, पारवहन जिल्ला र गन्तव्य जिल्लाहरूको स्थानीय समस्या, आवश्यकता र सम्भाव्यताको पहिचान,<br>– पीडित⁄प्रभावितहरूको मनोसामाजिक, स्वास्थ्य, सुरक्षा, कानूनी सहयोग र शिक्षा, सीप तथा रोजगारीसम्बन्धी आवश्यकता र सम्प्रेषण सेवा आदि,<br>– जिल्ला स्तरमा पुनर्स्थापनागृह |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सञ्चालन गर्नेहरूको सञ्जाल गठन,<br>– एकीकृत सेवा प्रवाह प्रणाली,<br>– कार्यसञ्चालन प्रकृया र अनुगमन । |
| | | ग. अन्तर्राष्ट्रिय सीमा नाका र प्रवेश विन्दु रहेका जिल्लाहरूमा सञ्चालित आवासीय संरक्षण गृहहरू (पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रहरू) को सरकारी, गैरसरकारी संस्थाहरू तथा विकास साझेदारहरूको सहकार्य र साझेदारितामा क्षमता विस्तार गर्ने । | अ.म.,<br>म.बा.स.क.म.,<br>मा.बे.नि.जि.स.,<br>म.बा.बि. | जि.बि.स., विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | निरन्तर | • तालिम कार्यक्रमको संख्या ।<br>• संरक्षण गृहहरूको प्रतिवेदन । |
| | | घ. बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूलाई तत्कालै राहत प्रदान गर्न गन्तव्य देशहरूमा मनोबिमर्श, कानूनी सहयोग, औषधोपचार व्यवस्था सहितको अल्पकालिन संरक्षण केन्द्रहरूको स्थापना गर्ने । | प.म,<br>श्र.या.व्य.म.<br>म.बा.स.क.म., | अ.म.,<br>कूटनैतिक नियोग<br>महावाणिज्यदूत<br>नेपाली डायस्पोरा | ३ वर्ष | • गन्तव्य देशहरूमा स्थापना भएको अल्पकालीन संरक्षण केन्द्रहरूको संख्या ।<br>• संरक्षण केन्द्रहरूबाट सेवा प्राप्त पीडित/प्रभावितहरूको संख्या । |
| | | ङ. सरकारी तथा गैरसरकारी क्षेत्रमा सञ्चालनमा रहेका विभिन्न सुरक्षा गृहहरूले न्यूनतम मापदण्ड अनुसार सेवा प्रवाह गरेको छ छैन भन्ने बारे नियमित नियमन तथा अनुगमनको व्यवस्था मिलाउने । | म.बा.स.क.म. | मा.बे.नि.जि.स. | निरन्तर | • अनुगमन सम्बन्धी वार्षिक प्रतिवेदन । |
| ५ | पीडित/प्रभावितहरूको परिचयको अधिकारको सुनिश्चितताका लागि आवश्यक व्यवस्था । | क. पीडित/प्रभावितहरूको परिचय, राष्ट्रियता र नागरिकताको अधिकार सुनिश्चितताका लागि भइरहेका नीति तथा कानूनी प्रावधानहरूको पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्ने । | गृ.म.,<br>म.बा.स.क.म.<br>म.बा.स.क.स. | का.न्या.म.<br>म.वा.वि.<br>विकास साझेदार संस्था | २–३ वर्ष | • नीति तथा कानूनी प्रावधानहरूको पुनरावलोकन भएको हुने । |
| | | ख. पीडित/प्रभावितहरू तथा तिनका आश्रित बालबालिकाहरूको पहिचान र नागरिकता सम्बन्धी चासोलाई उच्च सतर्कता तथा प्राथमिकताका साथ सम्बोधन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूलाई सम्बेदनशील बनाउन प्रशिक्षण दिने । | | | | • सञ्चालित प्रशिक्षण कार्यक्रमको संख्या ।<br>• सहभागि प्रशिक्षार्थीहरूको संख्या ।<br>• लाभान्वीत प्रभावितहरूको संख्या । |
| | | ग. परिचयपत्र वितरण सम्बन्धी कार्यविधि निर्धारण गरी पीडित/प्रभावितहरूका लागि एकरूपताका साथ परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाउने । | | | | • पीडित/प्रभावितहरूका लागि परिचयपत्र वितरण सम्बन्धी कार्यविधि निर्धारण भएको हुने ।<br>• वितरित परिचयपत्रहरूको संख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | पीडित/प्रभावितहरूको सुरक्षा चासोको सम्बोधन । | क. पीडित/प्रभावितहरूको उद्धारको चरणदेखि पुनर्स्थापनाका चरणसम्म आवश्यक पर्ने सुरक्षा प्रवन्ध मिलाउने । | प्र.प्र.का<br>गृ.म.,<br>म.बा.स.क.म.,<br>म.बा.बि.,<br>के.बा.क.स., | विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | २ वर्ष र निरन्तर | • पीडित/प्रभावितहरूको देहायका सुरक्षा चासोलाई ध्यानमा राखी कार्यविधि निर्धारण भएको हुने :<br>– उद्धार गरिने क्षेत्र र समय<br>– स्वदेश फिर्तिका क्रममा पारवहन मार्ग<br>– सीमा नाकाहरू<br>– पुनर्स्थापना केन्द्रहरू<br>– अभियोजन प्रक्रिया<br>– कार्यस्थल |
| | | ख. पीडित/प्रभावितहरूको लागि आवश्यक सुरक्षा प्रवन्धबारे सुरक्षा निकायहरूलाई सजग गराउने प्रशिक्षण सामग्रीको उत्पादन गरी नियमित तालीम कार्यक्रमहरूमा समावेश गर्न लगाउने । | | | | • उत्पादित प्रशिक्षण सामग्री<br>• सञ्चालित तालिम कार्यक्रमहरू<br>• लाभान्वित पीडित/प्रभावितहरुको संख्या । |
| | | ग. पीडित/प्रभावितहरूले आफ्नो सुरक्षाका लागि विभिन्न अवस्थामा अपनाउनु पर्ने सतर्कता बारे उनीहरूलाई जागरूक बनाउने तालिम तथा प्रचार सामग्रीहरूको उत्पादन गरी वितरण गर्ने । | | | | • उत्पादित र वितरित प्रचार सामग्रीहरू । |
| | | घ. पीडित/प्रभावितहरूको प्राथमिकता, गोपनीयताको अधिकार र सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षा व्यवस्थाका लागि कार्यविधि निर्माण गर्ने । | | | १–२ वर्ष | • विशेष सुरक्षा व्यवस्था भएको हुने । |
| ७ | परिवार तथा समुदायमा बेचबिखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरूको पुनर्स्थापना र पुनर्मिलनको व्यवस्था । | क. पीडित/प्रभावितहरूलाई परिवार र समुदायमा पुनर्स्थापना र पुनर्मिलन सम्बन्धी कार्यविधिको निर्माण गर्ने । | म.बा.स.क.म.,<br>म.बा.बि.,<br>के.बा.क.स.<br>पुनर्स्थापना केन्द्रहरू | विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | २ वर्ष | • पुनर्स्थापना र पुनर्मिलनसम्बन्धी कार्यविधि निर्माण भएको हुने । |
| | | ख. लैङ्गिकता र उमेर समूहलाई ध्यानमा राखी पीडित/ प्रभावितहरूलाई सेवा प्रदान गर्ने सम्बन्धमा सम्बन्धित बिषयमा विशेषज्ञता प्राप्त संघ संस्थाहरू मार्फत परिवार मूल्याङ्कन, मनोवैज्ञानिक सेवा, मनोविमर्श, कानूनी सहायता आदि सेवाहरू प्रदान गर्ने व्यवस्था मिलाउने । | | | | • सेवा प्रवाह सम्बन्धी अभिलेख ।<br>• लाभान्वीत पीडित/प्रभावितहरूको संख्या । |
| | | ग. पीडित/प्रभावितहरूको रूची, दखल, स्थानीय सम्भाव्यता र चासोलाई आधार मानी बैकल्पिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको संयोजन गर्ने । | | | | • सञ्चालन भएको शिक्षा तथा तालिमको संख्या ।<br>• लाभान्वीत पीडित/प्रभावितहरूको संख्या । |
| | | घ. रोजगारी र आयमूलक कृयाकलापमा संलग्न रहने पीडित/प्रभावितहरूका बालबालिकाहरूको हेरचाहका लागि दिवा शिशु स्यार केन्द्र सञ्चालन गर्ने । | | | | • सञ्चालित दिवा शिशु स्यार केन्द्रहरूको संख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ङ. विभिन्न चरणमा प्रभावितहरूलाई आवश्यक पर्ने मनोविमर्श, कानूनी सहायता तथा अन्य आवश्यक परामर्श सेवा प्रदान गर्नका लागि एकीकृत रूपमा सेवा प्रवाह गर्ने गरी सेवा प्रदायकहरूले व्यवस्था मिलाउने । | | एकद्वार संकट व्यवस्थापन सेवा केन्द्ररु | २ वर्ष | • एकीकृत सेवा प्रवाह बारे कार्यपद्धति निर्माण भएको हुने । |
| | | च. नेपालमा फेला परेका पीडित/ प्रभावित विदेशी नागरिकको हकमा मानवीय नाताले तत्कालीन अस्थायी रूपमा उद्धार र हेरचाह सेवा प्रदान गर्ने र छिटोभन्दा छिटो श्रोत मुलुकमा फर्काउनका लागि कुटनैतिक प्रयास गर्ने व्यवस्था मिलाउने । | प.म.,<br>म.बा.स.क.म.<br>मा.बे.नि.रा.स., | गृ.म.,<br>जि.प्रशा.का.<br>कुटनैतिक नियोग<br>महावाणिज्य दूत<br>श्रम सहचारी | १ वर्ष र निरन्तर | • नेपालमा फेला परेका स्वदेशमा फर्काइएका विदेशी पीडित/प्रभावितहरूको संख्या । |
| ८ | बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूलाई निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाहरूको व्यवस्था । | क. उद्धार र पुनर्स्थापना कार्यक्रमहरूमा पीडित/ प्रभावितहरूको अधिकार (गोपनियताको अधिकार समेत) को अवधारणाबाट HIV/AIDS, STI र प्रजनन् स्वास्थ्य लगायतका सेवालाई एकीकृत गर्ने । | स्वा.ज.म. | गृ.म.,<br>म.बा.स.क.म.,<br>श्र.या.व्या.म.,<br>स्था.बि.म. | २ वर्ष र निरन्तर | • पीडित/प्रभावितहरूको अधिकारको अवधारणाबाट स्वास्थ्य सेवा प्रवाह सम्बन्धी निर्देशिका तयार भएको हुने । |
| | | ख. जोखिमममा रहेका समूह तथा सम्भाव्य आप्रवासी कामदारहरू विशेष गरी महिलाहरूका लागि HIV/AIDS, STI र प्रजनन् लगायतका स्वास्थ्य सम्बन्धी जनचेतानमूलक कार्यक्रम सञ्चालन गर्ने । | | | | • सञ्चालित जनचेतानमूलक कार्यक्रमहरूको संख्या ।<br>• लाभान्वीत पीडित/ प्रभावितहरूको संख्या । |
| | | ग. लैङ्गिक हिंसा नियन्त्रणको सन्दर्भमा जिल्ला अस्पतालहरूमा स्थापना भएका/हुने एकद्वार संकट व्यवस्थापन सेवा केन्द्रहरूले बेचबिखन तथा ओसारपसारवाट पीडित/प्रभावित महिला तथा बालबालिकाहरूका लागि समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । | | | | • जिल्लाहरूमा स्थापित एकद्वार संकट व्यवस्थापन सेवा केन्द्रहरूबाट लाभान्वीत पीडित/प्रभावितहरूको संख्या । |
| | | घ. बालबालिकाको विशेष अधिकारको सुनिश्चितता सहित पीडित/प्रभावित बालबालिका तथा पीडित/ प्रभावितहरूको आश्रित बालबालिकाका लागि स्वास्थ्य सेवामा प्राथमिकता दिने । | | | | • लाभान्वीत बालबालिकाको संख्या । |
| ९ | पीडित/प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनाका लागि कोषको व्यवस्था । | क. स्थापित पुनर्स्थार्पना कोषलाई केन्द्र, जिल्ला तथा समुदाय स्तरमा परिचालन गर्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने । | मा.बे.नि.रा.स.,<br>म.बा.स.क.म. | म.ले.नि.का.<br>अ.म.<br>स्था.वि.म.<br>जि.वि.स.<br>न.पा.<br>गा.वि.स. | १ वर्ष | • पुनर्स्थार्पना कोष सञ्चालन कार्यविधि निर्माण भएको हुने । |
| | | ख. सबै जिल्लाहरूमा केन्द्रीय पुनर्स्थार्पना कोषबाट सालवसाली निकासा र स्थानीय निकायहरूको सहयोगमा समेत रकम बृद्धि गरी जिल्ला स्तरिय पुनर्स्थार्पना कोषलाई परिचालन गर्ने । | | | निरन्तर | • जिल्ला स्तरमा पुनर्स्थार्पना कोषको स्थापना भई सुदृढ भएको हुने । |

**प्राथमिकता ३ : कानूनी कारवाही (Prosecution)**

**उद्देश्य :**

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानूनी संरचनाको माध्यमबाट दण्डहीनताको अन्त्य गरी पीडित/प्रभावितलाई न्यायमा पहुँच दिलाउने ।**

| क.सं. | रणनीति | कार्यक्रमहरू | कार्यान्वयन गर्ने मुख्य निकाय | सहयोगी निकाय | समायवधि | सूचकहरू |
|---|---|---|---|---|---|---|
| १ | मानव बेचबिखन तथा ओसारपसार बिरुद्ध प्रभावकारी फौजदारी कानून र न्याय प्रणालीका साथै बैज्ञानिक र पारदर्शी अनुसन्धान पद्धतिको विकास । | क. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कानून,, सार्क महासन्धि तथा श्रम शोषण तथा यौन शोषण बारे आइ.एल. ओ. सूचकहरूले परिभाषित गरे अनुसार यसको साझा बुझाइ र विधिको सुनिश्चितता गर्ने र कानूनी प्रावधानका बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने । | म.बा.स.क.म., | का.न्या.म., रा.न्या.प्र., प्र.प्र.का., म.न्या.का. | निरन्तर | • मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानूनको सरल भाषामा प्रचार सामग्रीहरू प्रकाशन भएको हुने ।<br>• कानुनी सचेतना कार्यक्रमहरू सञ्चालन भएको हुने । |
| | | ख. बेचबिखन तथा ओसारपसारको परिभाषामा समेटिएका मुख्य मुख्य तत्वहरू जस्तै काम, माध्यम र उद्देश्यलाई आत्मसात हुने गरी फौजदारी संहिता र कार्यविधिमा समावेश गर्ने । | का.न्या.म. | म.बा.स.क.म., श्र.या.व्य.म., म.न्या.का. | २ वर्ष | • फौजदारी संहिता र कार्य विधिमा अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनहरूसँग मेल खाने गरी बेचबिखन तथा ओसारपसारको परिभाषा समावेश भएको हुने । |
| | | ग. प्रहरी कार्यालयमा पर्ने उजुरी माथिको छानविन, अनुसन्धान तथा कारवाही प्रकृया बारे अनुसन्धान संहिता निर्धारण गर्ने । | प्र.प्र.का., | म.बा.स.क.म., म.न्या.का. विकास साझेदार संस्थाहरु | १–२ वर्ष | • मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरू बारे अनुसन्धान संहिता निर्धारण भएको हुने<br>• प्रहरीमा परेको उजूरी, अनुसन्धान र अदालतमा मुद्दा दायर भएको संख्या । |
| | | घ. (क),(ख) र,(ग)का दस्तावेजहरूको भावना अनुरूप अदालती कारवाही प्रकृया बारे कार्यविधि निर्माण /परिमार्जन गर्ने । | स.अ. का.न्या.म., रा.न्या.प्र | | २ वर्ष | • मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा अदालती कारवाहीसम्बन्धी कार्यविधि निर्माण/परिमार्जन भइ लागू भएको हुने । |
| | | ङ. पीडित/प्रभावितहरूको अधिकारका अवधारणाका बारे न्यायाधीश, प्रहरी, प्रशासन, न्यायाधिवक्ता, अदालतका अधिकारी, नागरिक समाज, सञ्चारकर्मी, संघ, संस्था र राजनीतिक दलका प्रतिनिधिहरू लगायत जिम्मेवार निकायका अधिकारीहरूलाई लक्षित तालिम कार्यक्रमहरूको आयोजना गर्ने । | रा.न्या.प्र. प्र.प्र.का., ने.बा.ए. | | निरन्तर | • विभिन्न लक्षित समूहका लागि सञ्चालन भएको तालिमको संख्या ।<br>• तालिमबाट लाभान्वीतको संख्या । |
| | | च. बेचबिखन तथा ओसारपसार विरुद्धको फौजदारी कानून र न्याय प्रणाली वारे कानून संकायहरूमा अध्ययन अध्यापनको व्यवस्था मिलाउने । | म.बा.स.क.म. शि.म. | त्रि.वि. कानून संकाय | २ वर्ष | • कानून संकायका स्नातकोत्तर र स्नातक स्तरको पाठ्यक्रम तथा पाठ्य पुस्तक परिमार्जन भएको हुने । |
| २ | बेचबिखन तथा | क. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका अभिभावक | म.बा.स.क.म., | प्र.म.म.प.का., | १–२ वर्ष | • अभिभावक विहीन नेपाली |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ओसारपसारका लागि जोखिममा रहेका र बेचबिखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरूका लागि सहयोग हुने गरी प्रचलित कानूनहरूमा समसामयिक संशोधन । | विहीन बालबालिकाहरूलाई बालअधिकार महासन्धि तथा बैकल्पिक हेरचाह आवश्यक परिवार विहीन बालबालिकाका लागि हेरचाह सम्बन्धी संयुक्त राष्ट्र संघीय निर्देशिकाको भावना अनुकुल राज्यको प्रमुख दायित्व रहने गरी परिवार र समुदायमा आधारित वैकल्पिक हेरचाह प्रदान गर्न प्रावधानहरू निर्माण गर्ने । | का.न्या.म., म.बा.बि., श्र.या.व्य.मं, के.बा.क.स. | विकास साझेदार संस्थाहरु, गै.स.स. हरू | | बालबालिकाहरूको बैकल्पिक हेरचाह सम्बन्धी निर्देशिका निर्माण भएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कानून, बैदेशिक रोजगार सम्बन्धी ऐन र बालअधिकार ऐनमा सुधार गरी देहायका प्रावधानहरुको कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्ने :<br>• पीडित/प्रभावितहरूको मौलिक अधिकारको सम्मान,<br>• पीडित/प्रभावितहरूका लागि निशुल्क कानूनी सेवा,<br>• पीडित/प्रभावित र साक्षीलाई कानूनी सुरक्षा,<br>• पीडित/प्रभावितहरूका लागि आवश्यक व्यक्तिगत तथा पारिवारिक सुरक्षा र संरक्षण,<br>• परिवार/नजिकका आफन्तको सुरक्षा,<br>• अदालती कारबाहीमा संक्षिप्त कार्यविधिको व्यवस्था,<br>• बन्द इजलाशको प्रभावकारी कार्यान्वयन,<br>• बेचबिखन तथा ओसारपसार बिरूद्ध पूर्व सूचना र सुराकी परिचालन,<br>• बेचबिखन तथा ओसारपसारमा संलग्न रहने, यौन व्यवसाय सञ्चालन गर्ने र अवैध यौन सम्पर्कका लागि जाने व्यक्तिहरू माथि उमेर अनुसार फरक फरक सजाय,<br>• सूचनादाता र सुराकीको गोपनीयता र सुरक्षा,<br>• सूचना र सुराक उपलब्ध गराउनेलाई उचित पुरस्कार र सम्मान,<br>• इमान्दार कर्मचारीलाई पुरस्कार र गैर जिम्मेवार कर्मचारीलाई दण्ड सजाय<br>• सरकारद्वारा तत्काल राहत र क्षतिपूर्ति,<br>• प्रतिबादीको सम्पत्ति तत्काल रोक्का राख्ने कानूनी प्रावधान<br>• अदालतबाट फैसला भएपछि दण्ड सजायको कार्यान्वयन र असूलीमा पूर्ण जोड,<br>• अदालतबाट एकपटक प्रमाणित भइसकेको शुरूको बयान र बकपत्रमा पछि फरक अभिब्यक्ति दिनेबारे थप अनुसन्धान गरी आवश्यकता अनुसार दण्डित गर्ने कानूनी व्यवस्था ।<br>• यौन जन्य गतिविधिमा संलग्न रहने अश्लिल चित्रण लगायत साइबर अपराध नियन्त्रणका लागि कानूनी व्यवस्था,<br>• अवैध रूपमा अंग बेचबिखन गर्नेलाई थप सजाय<br>• मानव बेचबिखनको अपराध सम्बन्धी अनुसन्धान देखि | | | | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कानून, बैदेशिक रोजगार सम्बन्धी ऐन र बालअधिकार ऐनमा समसामयिक संसोधन भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फैसलासम्म र फैसला कार्यान्वयनमा जिम्मेवार अधिकारीहरू कानून विपरित कार्यमा संलग्न रहेमा थप सजाय,<br>• प्रभावितका लागि अदालतमा दोभाषे तथा साङ्केतिक भाषाको व्यवस्था,<br>• गा.वि.स देखि राष्ट्रिय समितिहरूको न्यूनतम वैठक संख्या<br>• नेपाल भित्र बेचिएकोमाउद्धारको व्यवस्था,<br>• कसुरको मात्रा र संख्याको आधारमा सजाय तोक्ने,<br>• श्रम आप्रवासनको क्रममा वेचविखनमा परेका कामदारहरूको न्यायिक अधिकार सुरक्षा गर्न मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यलाई ऐनको दायरामा ल्याउन अनुसन्धान तथा अभियोजनका कारवाहीहरूलाई प्रभावकारी वनाउने । | | | | |
| | | ग. पीडित/प्रभावितहरूका लागि विशेष ध्यानमा राखी परिचय तथा नागरिकताको प्रमाणपत्र सम्बन्धमा कानूनी आधारहरू निर्माण गर्ने । आमाबाबु पत्ता नलागेका पीडित/ प्रभावितहरूको लागि जिल्ला समितिको सिफारिशमा नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाउने । | | | | • पीडित/प्रभावितहरूका लागि विशेष ध्यानमा राखी परिचयपत्र तथा नागरिकताको प्रमाणपत्र सम्बन्धमा कानूनी आधारहरू निर्माण भएको हुने ।<br>• परिचयपत्र र नागरिकताको प्रमाणपत्र पाएका पीडित/ प्रभावितहरूको संख्या । |
| ३ | बालबालिका बिरूद्ध हुने सबै प्रकारका बेचबिखन तथा ओसारपसारका घटनालाई अपराधिक गतिविधिको रूपमा लिई कानूनी कारवाहीलाई सशक्त तुल्याउने । | क. बालबालिकाहरू पीडित/प्रभावित बनेका बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा कानून कार्यान्वयन गर्ने सबै निकायहरूको विशेष संवेदनशीलता बढाउन अनुशिक्षण दिने । | म.बा.स.क.म.<br>का.न्या.म.<br>म.बा.बि.,<br>के.बा.क.स.<br>प्र.प्र.का.,<br>रा.न्या.प्र.,<br>जि.वि.स. | विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | निरन्तर | • सञ्चालन भएका अनुशिक्षण कार्यक्रमको संख्या ।<br>• अनुशिक्षण कार्यक्रमका सहभागी संख्या । |
| | | ख. बालबालिकाको प्राथमिकता र सर्वोत्तम हितका आधारमा बेचबिखन तथा ओसारपसारका मुद्दाहरूलाई अनुसन्धान, अभियोजन र अदालती कारबाही गर्नुपर्ने बारे सम्बद्ध सबै अधिकारीहरूलाई थप जवाफदेही बनाउन सचेतना अभिबृद्धिसम्बन्धी तालिम दिने । | | | | |
| | | ग. अदालतमा दायर हुने बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारका मुद्दाहरू बारे शुरुदेखि अन्त्यसम्म अनुसन्धान, घटना ब्यवस्थापन र त्यस्को सही विवरण राख्ने गरी प्रहरी कार्यालयहरूमा महिला तथा बालबालिका सेवा केन्द्रलाई सशक्त, श्रोत साधन र जनशक्ति सम्पन्न मुख्य आधिकारिक इकाईका रूपमा विकास गर्ने । | | | | • महिला तथा बालबालिका सेवा केन्द्रहरू श्रोत साधन सम्पन्न भएको हुने ।<br>• विवरण अद्यावधिक राख्नका लागि डाटाबेश निर्माण भएको हुने । |
| | | घ. बालबालिकाको बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा निरन्तर सम्पर्कमा रही अनुगमन गर्न केन्द्रीय बाल कल्याण समिति र महिला तथा बालबालिका कार्यालयहरूमा डाटाबेसको निर्माण गर्ने । सो डाटाबेस मा प्राप्त विवरणहरूको रिपोर्ट तयार गरी वितरण गर्ने । यसलाई DPMASमा आवद्ध गर्ने । | | | | • तोकिएका कार्यालयहरूमा डाटाबेस निर्माण भएको हुने । |
| | | ङ. बालबालिकाको बेचबिखन तथा ओसारपसारका मुद्दाहरूलाई लगातार सुनुवाइको प्रावधान निर्माण गरी बाध्यात्मक रूपमा पालना गर्ने | | | | • बालबालिका सम्बन्धी मुद्दाहरूलाई लगातार सुनुवाइ गर्ने कार्यविधि निर्माण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यवस्था गर्ने । | | | | भएको हुने । |
| ४ | प्रहरी कार्यालयहरूमा मानव बेचबिखन तथा ओसारपसारको घटना तथा वारदातहरूबारे उजुरी लिने प्रकृयालाई पीडित⁄प्रभावित मैत्री हुने गरी सरलीकरण गर्ने व्यवस्था । | क. मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरू हेर्नका लागि सबै प्रहरी कार्यालयहरूमा आवश्यकता अनुसार पीडित⁄प्रभावित मैत्री उजूरी, मनोविमर्श, बयान, अनुसन्धान आदिका लागि विशेष कक्षहरू रहने गरी श्रोत साधन र बैज्ञानिक उपकरण सहितको महिला तथा बालबालिका सेवा केन्द्रलाई सम्पर्क बिन्दूको रूपमा तोक्ने । | म.बा.स.क.म., गृ.म., प्र.प्र.का. जि.प्र.का,म.वा.से.के. | अ.म., रा.म.आ., विकास साझेदार संस्थाहरु, गै.स.स. हरू | २ वर्ष | • मानव बेचबिखनका सवालहरूमा महिला तथा बालबालिका सेवा केन्द्र श्रोत साधन र बैज्ञानिक उपकरण सम्पन्न सम्पर्क बिन्दूको रूपमा कार्यरत रहेको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न महिला तथा बालबालिका सेवा केन्द्रहरू तथा अनुसन्धानका इकाईहरूमा गोपनीयताको अधिकार, पीडित⁄प्रभावितको सुरक्षा, आकस्मिक सेवा, संक्षिप्त कार्यविधि, बन्द इजलाश लगायतका आधारभूत सिद्धान्तहरू समेटिएको कार्यविधि निर्माण गरी सम्बन्धित सरोकार पक्षलाई प्रशिक्षण दिने । | | | | • न्यूनतम मापदण्ड निर्माण भएको हुने<br>• कार्य सञ्चालन कार्यविधि निर्माण भएको हुने ।<br>• प्रशिक्षण प्राप्त गर्नेको संख्या । |
| | | ग. मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू अनुसन्धान गर्ने प्रहरीहरूमा जवाफदेहीता अभिबृद्धिका लागि आचार संहिता निर्माण गर्नुका साथै, पुरस्कार र दण्डको नीति अवलम्वन गरी लागू गर्ने र सो को निरन्तर अनुगमन गर्ने । | | | | • प्रहरीहरूमा जवाफदेहिता बृद्धि गर्न आचार संहिता निर्माण भएको हुने ।<br>• मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा पुरस्कार र दण्ड पाएका प्रहरीहरूको संख्या । |
| ५ | कानून कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहिता र उतरदायित्वको विकास । | क. मानव बेचबिखन तथा ओसारपसार बढ्नुमा ढीलासुस्ती र भ्रष्टाचार मुख्य कारणका रूपमा रहने बारे मनन गरी भ्रष्टाचार बिरूद्धको कानून र मानव बेचबिखन तथा ओसारपसार बिरूद्धको कानूनहरूमा तादात्म्यता कायम गरी कारवाहीलाई सशक्त तुल्याउने । | प्र.म.म.प.का., गृ.मं. का.न्या.म., | म.बा.स.क.म., रा.स.के., अ.दु.अ.आ., प्र.प्र.का., ने.बा.ए. | निरन्तर | • भ्रष्टाचार बिरूद्धको कानून र मानव बेचबिखन तथा ओसारपसार बिरूद्धको कानूनहरूमा सामजस्यता कायम भएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा कानूनी कारबाहीका सिलसिलामा हुन सक्ने भ्रष्टाचारको निरोधका लागि प्रशासनिक तथा अन्य उपायहरू अबलम्बन गर्न भ्रष्टाचार बिरूद्ध कार्यरत निकायहरूसँग साझेदारिता बढाउने । | प्र.म.म.प.का., गृ.मं., म.बा.स.क.म. | रा.स.के., अ.दु.अ.आ., प्र.प्र.का., ने.बा.ए. | निरन्तर | • मुद्दा फछ्यौटको संख्या ।<br>• विभागीय कारवाहीको संख्या । |
| | | ग. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानूनहरूको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि अनुसन्धान गर्ने, मुद्दाहरू हेर्ने, बहस पैरबी गर्ने र कानून कार्यान्वयन गर्ने पदाधिकारीहरू जस्तै न्यायधिश, सरकारी न्यायधिबक्ता, अनुसन्धान अधिकृत, राहदानी वितरण गर्ने अधिकृतहरू, अध्यागमनका अधिकारीहरू आदिका लागि आचार संहिता निर्माण गरी पालना गर्न लगाउने । | म.बा.स.क.म. का.न्या.म म.न्या.का., | स.अ., गृ.म. प.म. प्र.प्र.का. ने.बा.ए. | २ वर्ष | • तोकिएका अधिकारीहरूका लागि आचार संहिता निर्माण भएको हुने । |
| ६ | मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरू बारे | क. प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा शुरूदेखि अन्त्यसम्म कानूनी कारबाहीमा रहेका मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा दृष्टि पुऱ्याई खोजिनिति, विश्लेषण र अनुगमन गर्ने पद्धतिको विकास गर्ने । | प्र.प्र.का. | प्र.म.का, म.बा.स.क.म., श्र.या.व्य.म., ने.बा.ए. | निरन्तर | • अनुगमनको पद्दतिको विकास भई प्रभावकारी अनुगमन भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुगमन प्रणाली । | **ख.** दर्ता भएका, अनुसन्धानको प्रकृयामा रहेका, अदालतमा विचाराधीन रहेका तथा फैसला भएका मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूका बारे पीडित/प्रभावितहरूको गोपनियताको सिद्धान्तलाई पूर्ण सम्मान गरी अपराधको प्रकृति र कारक तत्वको विश्लेषण हुने गरी डाटाबेस स्थापना गर्ने । | म.बा.स.क.म.,<br>म.बा.वि.,<br>म.बा.का., | जि.बि.स., जि.अ.,<br>जि.प्र.का.,<br>जि.स.व.का.,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स. हरू | २ वर्ष | • अपराधको प्रकृति र कारक तत्वको विश्लेषण हुने गरी डाटाबेसको स्थापना भएको हुने ।<br>• प्रगति प्रतिवेदनको संख्या ।<br>• मानव बेचबिखन तथा ओसारपसारका घटना बारे विश्लेषणात्मक तथ्याङ्कको प्रकाशन भएको हुने । |

| प्राथमिकता ४ : क्षमता विकास .(Capacity building) | | | | | | |
|---|---|---|---|---|---|---|
| **उद्देश्य :** **मानव बेचबिखन तथा ओसारपसारबिरूद्ध स्थापित राज्य संयन्त्र, गैर सरकारी संस्था, तथा नागरिक समाज लगायत सेवा प्रदायकहरू एवं सञ्जालहरूको क्षमता अभिबृद्धि गर्ने ।** | | | | | | |
| *क.सं.* | *रणनीति* | *कार्यक्रमहरू* | *कार्यान्वयन गर्ने मुख्य निकाय* | *सहयोगी निकाय* | *समयावधि* | *सूचकहरू* |
| १ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, महिला तथा बालबालिका कार्यालयहरू,केन्द्रीय वाल कल्याण समिति र जिल्ला वाल कल्याण समितिको क्षमता अभिवृद्धि । | क. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत गठित राष्ट्रिय समितिको सचिवालयमा व्यावसायिक तथा प्राविधिक दक्षता भएका मानव श्रोत व्यवस्था गर्ने । | म.बा.स.क.म.<br>म.बा.बि.<br>के.बा.क.स.<br>म.वा.का. | प्र.म.म.प.का.<br>अ.म.<br>सा.प्र.म.<br>विकास साझेदार संस्थाहरु | २ बर्ष | • व्यावसायिक तथा प्राविधिक दक्षता भएका मानव श्रोत सहितको सचिवालयको स्थापना भएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले बिषय बिज्ञ, व्यावसायिक दक्ष तथा अधिकारकर्मीहरू सहितको बहुबिषयगत प्रतिनिधिहरू सम्मिलित बिज्ञ समूहको सेवा लिने । | | | | • विज्ञ समूह सम्मिलित वैठक संख्या । |
| | | ग. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट तय हुने नीति, योजना तथा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी बहन गर्न महिला तथा बालबालिका बिभाग अन्तर्गत निरोध, संरक्षण र कानूनी कारवाहीका लागि विषय विज्ञ जनशक्ति व्यवस्था गर्ने । | | | | • महिला तथा बालबालिका बिभागमा मानव बेचबिखन बारे देहायको काम गर्न विषय विज्ञ जनशक्ति व्यवस्था भएको हुने :<br>– निरन्तर अध्ययन तथा अनुसन्धान,<br>– अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई समुदायस्तरसम्म सूचना प्रवाह,<br>– एकीकृत रूपमा तथ्याङ्क व्यवस्थापन,<br>– क्षमता अभिवृद्धिका तालिमहरूको आयोजना,<br>– मानव बेचबिखनबिरूद्धको राष्ट्रिय कार्ययोजना कार्यान्वयन पक्षको अनुगमन । |
| | | घ. केन्द्रीय बाल कल्याण समितिलाई बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा जोखिम अवस्थाका बालबालिकाहरूको समस्या समाधानका उपायहरू बारे अध्ययन अनुसन्धान गरी बाल संरक्षण प्रणालीलाई सुदृढ गर्ने दिशामा नीति कार्यक्रमहरू निर्माण गर्ने बारे बिशेषज्ञता प्राप्त निकायका रूपमा बिकास गर्ने । | | | | • बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारका बारे केन्द्रीय बाल कल्याण समिति एक विशेषज्ञता प्राप्त निकायका रूपमा विकास भएको हुने । |
| | | ङ. जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विवरण संकलन, घटना विश्लेषण तथा व्यवस्थापन, कार्यक्रमहरूको संयोजन तथा समन्वय, सहयोगी निकाय तथा संस्थाहरूसंग | | | | • महिला तथा बालबालिका कार्यालयहरूमा देहाय अनुसारको व्यवस्था भएको हुने :<br>– महिला वालवालिका कार्यालयहरुमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | साझेदारिता र सहकार्य एवं बेचबिखनका घटनाहरू बारे अनुगमन गर्न सक्ने एक सक्षम सम्पर्क निकायका रूपमा महिला तथा बालबालिका कार्यालयहरूको स्तर बृद्धि गर्ने । | | | | संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी महिला विकास अधिकृतको अलावा आवश्यकतानुसार महिला संरक्षण अधिकारी, वाल संरक्षण अधिकारी,र समाज कल्याण अधिकारीको व्यवस्था भएको हुने ।<br>– जिल्ला बाल कल्याण समितिको सचिवालयको रूपमा काम गर्न महिला तथा बालबालिका कार्यालयहरूको क्षमता विकास<br>– महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रण र संरक्षण प्रणालीमा व्यवस्थापकीय र तथ्याङ्क समेत राख्ने कार्यका लागि आवश्यक सहयोगी कर्मचारीहरू थप ।<br>– न.पा.को वडा स्तरीय र गा.बि.स स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिलाई टेवा पुग्ने गरी म.वा.का.बाट प्राविधिक सहयोग ।<br>– बेचबिखन तथा ओसारपसार बिरूद्ध कार्यक्रम संयोजन गर्न पर्याप्त बजेटको व्यवस्था ।<br>– स्थानीय तहमा पुनर्स्थापना कोषको व्यवस्था । |
| २ | मानव बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय समिति तथा जिल्ला समितिहरूको क्षमता अभिबृद्धि। | क. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि गठन भएका राष्ट्रिय, जिल्ला स्तरीय र आवश्यकतानुसार गठन हुने न.पा.का र गाविसस्तरीय समितिका पदाधिकारीहरूका कार्य जिम्मेवारी तोक्ने । | म.बा.स.क.म.<br>म.बा.बि.<br>म.बा.का. | मानव बेचबिखन नियन्त्रण राष्ट्रिय, जिल्ला र गाउँस्तरीय समितिहरू<br>जि.प्रशा.का.,<br>जि.वि.स.,<br>गा.वि.स.<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स.हरू | १ वर्ष | • तोकिएका पदाधिकारीहरूका लागि कार्य जिम्मेवारी तोकिएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय, जिल्ला र न.पा., गाविसस्तरिय समितिका सदस्यहरूको अद्यावधिक विवरण राख्ने । | | | | • सबै तहका सदस्यहरूको विवरण अद्यावधिक भएको हुने । |
| | | ग. राष्ट्रिय, जिल्ला,नपा र गाविसस्तरीय मानव बेचबिखन नियन्त्रण समितिका पदाधिकारीहरूलाई बेचबिखनबिरूद्ध प्रचलित अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय नीति तथा कानूनहरू लैङ्गिक संवेदनशीलता, सुरक्षित आप्रवासनका र बालअधिकारका सवालहरू बारे सचेतना अभिबृद्धि तालिम दिने । | | | निरन्तर | • आयोजना गरिएको सचेतना अभिबृद्धिसम्बन्धी तालिमको संख्या ।<br>• सचेतना अभिबृद्धि तालिममा सहभागीहरूको संख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | कानून कार्यान्वयन गर्ने निकायहरूमा कार्यरत अधिकारीहरूको क्षमता अभिबृद्धि। | क. मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध प्रहरी, स्थानीय प्रशासन, अध्यागमन, न्यायालय, सरकारी वकिल, श्रम सहचारी, सामाजिक कार्यकर्ता तथा अन्य सम्बन्धित अधिकारीहरूलाई ज्ञान, सोच र व्यबहार परिवर्तनका लागि बेचबिखन तथा ओसारपसार नियन्त्रण, सुरक्षित आप्रवासन, बालबालिकाहरूको अधिकार एवम बाल तथा लैङ्गिकमैत्री व्यवहार आदि सान्दर्भिक बिषयहरू बारे अवधारणागत स्पष्टता सहित अभिमूखीकरण तालिम दिने । | म.बा.स.क.म., रा.न्या.प्र. लगायत विभिन्न प्रशिक्षण प्रतिष्ठानहरू | सबै सरोकारवाला मन्त्रालय तथा सरकारी निकायहरू, विकास साझेदार संस्थाहरु, गै.स.स.हरू | निरन्तर | • अभिमूखीकरण तालिमहरूको संख्या ।<br>• अभिमूखीकरण तालिमहरूमा सहभागी संख्या । |
| | | ख. बन्द इजलाशको अवधारणालाई आत्मसात गर्न सबै अदालतहरूमा पर्याप्त भौतिक संरचना, उपकरणहरू र तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्ने । अदालत र सरकारी वकील कार्यालयमा महिला न्यायाधीश, महिला वकिल तथा महिला अधिकृतहरूको क्रमश: संख्या बढाउँदै बाल तथा लैङ्गिक मैत्री वातावरण बनाउँदै लाने । | स.अ., म.न्या.का. | न्या.से.आ. अ.म., म.बा.स.क.म. पु.अ., जि.अ. | निरन्तर | • बन्द इजलाशको अवधारणालाई आत्मसात गर्न सबै अदालतहरूमा पर्याप्त भौतिक संरचना, उपकरणहरू र तालिम प्राप्त जनशक्तिको व्यवस्था भएको हुने ।<br>• कार्यरत महिला न्यायाधीश, वकिल तथा अधिकृतहरूको संख्या । |
| | | ग. बाल इजलाशको अवधारणा, संरचना र क्षमतालाई कानूनसंग बाझिएका बालबालिकाहरूका लागि मात्र सीमित नराखी बेचबिखनबाट पीडित बालबालिका, साछीमा रहने बालबालिकाहरूका लागि समेत लागू गर्ने गरी नीति, नियम र कार्यविधि परिमार्जन गर्ने । | | | | • बाल इजलाशको अवधारणा, संरचना र क्षमता बारे नीति, नियम र कार्यविधि परिमार्जन भएको हुने । |
| ४ | मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध केन्द्र, जिल्ला, न.पा., गाविस तथा समुदाय स्तरमा कार्यरत सरकारी निकाय, गै.स.स., युवा तथा बाल क्लब लगायत विभिन्न सरोकारवाला संस्थाहरू को क्षमता | क. मानव बेचबिखन तथा ओसारपसर नियन्त्रण गर्न सार्वजनिक यातायातका सवारी चालक तथा परिचालकहरूमा जनचेतना मूलक तथा क्षमता अभिबृद्धिकार्यक्रमहरू सञ्चालन गर्ने । | श्र.या.व्य.म. | म.बा.स.क.म. या.व्य.म.सं. | निरन्तर | • सञ्चालन भएका कार्यक्रमहरूको संख्या ।<br>• कार्यक्रमा सहभागीहरूको संख्या । |
| | | ख. नक्कली कागजात तथा यात्रा अनुमतिपत्रहरू पहिचान गर्न प्रत्यक्ष जनसम्पर्कमा रहने प्रहरी अधिकारीहरू, अध्यागमनका अधिकृत तथा कर्मचारीहरू, तथा राहदानी नियन्त्रण गर्ने अधिकारीहरूलाई तालिम दिने । | गृ.म., प्र.प्र.का. अन्तर्गत प्रशिक्षण प्रतिष्ठानहरू | प.म. म.बा.स.क.म. श्र.या.व्य.म. | निरन्तर | • आयोजित कार्यक्रमहरूको संख्या ।<br>• कार्यक्रमहरूमा सहभागी संख्या । |
| | | ग. सीमा तथा प्रवेशबिन्दू क्षेत्रमा कार्यरत सरकारी अधिकारीहरू तथा सरोकारवाला गै.स.स.हरूलाई उद्धार पश्चात तथा स्वदेश फिर्तिका प्रकृयाहरू बारे अभिमुखिकरण तालिमहरूको आयोजना गर्ने । | म.बा.स.क.म. | गृ.म., श्र.या.व्य.म., प्र.प्र.का. | निरन्तर | • आयोजित अभिमुखिकरण तालिमहरूको संख्या ।<br>• कार्यक्रममा सहभागीहरूको संख्या |
| | | घ. जिल्लामा कानून कार्यान्वयन गर्ने निकायहरू तथा स्थानीय निकायहरूमा कार्यरत रहने पदाधिकारीहरूलाई महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बारेमा विशेष संवेदनशील वनाउन सचेतनाका तालिमहरूको आयोजना गर्ने । | म.बा.का. | म.बा.स.क.म., म.बा.बि., के.वा.क.स. | निरन्तर | • आयोजित सचेतना कार्यक्रमको संख्या ।<br>• कार्यक्रमा सहभागीहरूको संख्या । |
| | | ङ. समुदायस्तरमा कार्यरत राजनैतिक दल, नागरिक समाज, गै.स.स., | म.बा.का. | जि.वि.स., | निरन्तर | • क्षमता विकासका लागि आयोजित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिबृद्धि। | युवा तथा बाल क्लब, विद्यालयहरू, आम सञ्चार, यातायात व्यवसाय लगायत निजी क्षेत्रमा बेचबिखन तथा ओसारपसारमा उनीहरूको भूमिकालाई पहिचान गरी निरोधात्मक उपायहरू अवलम्वनका लागि सेवा प्रवाहमा प्रभावकारिता अभिबृद्धिका लागि क्षमता विकास गर्ने । | | न.पा.,<br>गा.वि.स. | | कार्यक्रमहरूको संख्या ।<br>• सेवा प्रदायकहरूको प्रभावकारिता अभिबृद्धि भएको हुने । |
| ५ | मानव बेचबिखन तथा ओसारपसारमा आन्तरिक तथा बाह्य घटनाहरूलाई सम्बोधन गर्न महिला तथा बालबालिका सेवा केन्द्रहरूलाई अधिकार सम्पन्न विशेष प्रहरी इकाइको रूपमा विकास । | क. मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूलाई सम्वोधन गर्न प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका सेवा केन्द्रहरूलाई सम्पर्क तथा अनुसन्धानका लागि विशेष इकाईको रूपमा विकास गर्ने । साथै यसका लागि आवश्यक मानवीय तथा आर्थिक श्रोत व्यवस्था गरी बालबालिका र पीडित/प्रभावित मैत्री भौतिक संरचना तथा सुविधाहरूको निर्माण र बिस्तार गर्ने । | गृ.म.,<br>प्र.प्र.का. | अ.म.,<br>म.बा.स.क.म. | निरन्तर | • प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका सेवा केन्द्रहरूको सुढीकरण भएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना तथा अनुसन्धानको सिलसिलामा पीडित/प्रभावितहरूको अधिकारमूखी सोचबाट कामकारवाही गर्ने गरी अभिप्रेरित गर्न महिला तथा बालबालिका सेवा केन्द्रका जनशक्तिलाई तालिम दिने । | | | निरन्तर | • तालिम प्राप्त जनशक्तिको संख्या ।<br>• कारवाहीको संख्या । |
| | | ग. महिला तथा बालबालिका सेवा केन्द्रहरूलाई आन्तरिक बेचबिखन तथा ओसारपसारका घटनाहरूमा पीडित/ प्रभावितहरूका लागि उजूरी प्रकृया, अनुसन्धान, पुनरूद्धार र संरक्षण तथा यौन व्यवसायमा संलग्न ग्राहक, दलाल एवं अवैध धन्दाका सञ्चालकहरूलाई कानूनी कारवाही गर्ने सशक्त निकायका रूपमा क्षमता बिकास गर्ने । | | | | |
| ६ | कुटनैतिक निकायहरू तथा श्रम सहचारीहरूको क्षमता अभिबृद्धि। | क. आप्रवासी कामदारहरूसंग जोडिएको मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूलाई सम्वोधन गर्न गन्तव्य राष्ट्रहरूमा रहेका नेपाली कुटनैतिक नियोगहरूमा आवश्यक मानव तथा आर्थिक श्रोत साधनहरूको सुनिश्चितता गर्ने । | प.म.,<br>श्र.या.व्य.म. | प्र.म.म.प.का.,<br>रा.योआ.,<br>अ.म.<br>सा.प्र.म. | ४ वर्ष | • कुटनैतिक नियोगहरूमा थप भएको आर्थिक श्रोत साधनहरू ।<br>• थप भएका श्रम सहचारीहरूको संख्या ।<br>• अनुगमन प्रतिवेदन । |
| | | ख. बैदेशिक रोजगारी ऐनको व्यवस्था अनुरूप नेपाली कामदारहरू भएका गन्तव्य मुलुकहरूमा श्रम सहचारीहरूको नियुक्ति गरी नियमन, सहजीकरण र अनुगमनको व्यवस्था मिलाउने । | | | | |
| | | ग. कुटनैतिक नियोग तथा श्रम सहचारीहरूलाई मानव अधिकार, महिला अधिकार तथा लैङ्गिक सम्वेदनशीलता सम्बन्धी बिषयमा | म.वा.स.क.म.,<br>प.म., | म.बा.बि.,<br>बै.रो.बि. | निरन्तर | • आयोजित तालिमको संख्या ।<br>• कार्यक्रमका सहभागीहरूको संख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शिक्षा दिने तथा उनीहरूको सीप अभिबृद्धि गर्दै लाने । | श्र.या.व्य.म. | | | |
| ७ | तालिम अनुशिक्षण र अन्तरक्रिया आदि माध्यमद्वारा अनुगमनका लागि क्षमता अभिबृद्धि। | क. केन्द्रीय स्तरमा मानव बेचबिखन तथा ओसारपसारका नीति, कार्यक्रम तथा कार्ययोजनाहरूको नियमित अनुगमनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) राष्ट्रिय समिति को क्षमता अभिबृद्धि गर्ने । | म.वा.स.क.म. | प्र.म.म.प.का., रा.यो.आ. अ.म. सा.प्र.म. | निरन्तर | • मन्त्रालय र राष्ट्रिय समितिको क्षमता अभिबृद्धिभएको हुने । |
| | | ख. बालबालिका सम्बन्धी कार्ययोजना लगायत नेपाल सरकारबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विशेष कार्यक्रमका रूपमा कार्यान्वयनमा ल्याइएका क्रियाकलापहरूको कार्यान्वयन स्थितिबारे निरन्तर रूपमा अनुगमन गर्न महिला तथा बालबालिका विभाग तथा केन्द्रीय बाल कल्याण समितिलाई सक्षम र दक्ष निकायका रूपमा सुदृढ बनाउने । | | | | • महिला तथा बालबालिका विभाग र केन्द्रीय बाल कल्याण समितिको क्षमता अभिबृद्धि भएको हुने ।<br>• अनुगमन प्रतिवेदन । |
| | | ग. जिल्ला स्तरमा सञ्चालनमा रहेका मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सबै कार्यक्रमहरूको अनुगमन गर्न महिला तथा बालबालिका कार्यालय र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिलाई सक्षम तुल्याउने । | म.वा.स.क.म., म.बा.का., के.बा.क.स. | अ.म. सा.प्र.म. | २ वर्ष | • महिला तथा बालबालिका कार्यालय र जिल्ला समितिको क्षमता अभिबृद्धि भएको हुने ।<br>• अनुगमन प्रतिवेदन । |
| ८ | निग्रानी राख्ने निकायहरूको क्षमता विकास । | क. राष्ट्रिय मानव अधिकार आयोग तथा अर्न्तगत कार्यालयहरूमा मानवबेचबिखन तथा ओसारपसारका घटनाहरूमा मानवअधिकार, महिला अधिकार तथा बालअधिकार हनन्का घटनाहरू बारे अनुगमन गरी सत्य तथ्य र समस्याका कारणहरू सहित अनुसन्धान र कारवाहीका लागि कानून कार्यान्वयन गर्ने जिम्मेवार निकायलाई सिफारिश गर्ने अधिकार र क्षमता सहितको संरचना निर्माण गरी तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्ने । | रा.मा.अ.आ. | अ.म., म.बा.स.क.म., श्र.या.व्य.म. | ३ वर्ष | • आयोगको प्रतिवेदन ।<br>• तालिम प्राप्त जनशक्तिको संख्या । |
| | | ख. राष्ट्रिय महिला आयोगलाई बिशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारका घटनाहरू बारे मुख्य निग्रानी राख्ने निकायका रूपमा काम गर्ने क्षमता र दक्षता रहेको जिम्मेवार आयोगको रूपमा विकास गर्ने । | प्र.मं.म.प.का., रा.म.आ. | रा.म.आ. अ.म., म.बा.स.क.म., श्र.या.व्य.म. | २ वर्ष | • आयोगको क्षमता अभिबृद्धि भएको हुने । |
| | | ग. राष्ट्रिय महिला आयोगले मानव बेचबिखन तथा ओसारपसारमा स्थानीय स्तरसम्म निग्रानी राखी सूचना सम्पर्क समेतका लागि सक्रिय भूमिका निर्वाह गर्न सक्ने गरीनेपाल सरकार संग समन्वय गरी स्थानीयस्तरमा सम्पर्क व्यक्ति तोक्ने । | | | | • स्थानीय स्तरमा सम्पर्क व्यक्ति तोकिएको हुने । |
| | | घ. भ्रष्टाचार नियन्त्रणका लागि कार्यरत अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायका पदाधिकारी तथा कर्मचारीहरूलाई संगठित अपराध, मानव बेचबिखन तथा ओसारपसार र भ्रष्टाचारको जालो बारे अभिमूखीकरण गरी मानव बेचबिखन प्रति संबेदनशील बनाउने । | म.बा.स.क.म. | अ.दु.अ.आ., रा.स.के., प्र.प्र.का. विकास साझेदार संस्थाहरु | निरन्तर | • आयोजित अभिमूखीकरण कार्यक्रमको संख्या ।<br>• कार्यक्रममा सहभागीहरूको संख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ङ. मानव बेचबिखन तथा ओसारपसारका सवालहरूमा गोप्य सूचना, जानकारी र सुराकी सम्बन्धमा राष्ट्रिय अनुसन्धान विभाग, प्रहरीको अपराध अनुसन्धान विभागलाई यसबारे संबेदनशीलता बढाई सक्रिय राख्ने व्यवस्था मिलाउने । | गृ.म.,<br>म.बा.स.क.म. | प्र.प्र.का.,<br>रा.अ.वि. | निरन्तर | • मानव बेचबिखन तथा ओसारपसार बिरूद्धको उजूरी तथा कारवाहीको संख्या । |
| | | च. संसदीय समिति खास गरी महिला, बालबालिका र समाज कल्याण समिति, महिला संसदहरूको समूह र बालबालिकाका लागि संसदहरूको समूहसंग मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा सहकार्य गर्ने । | म.बा.स.क.म. | संसदीय समितिहरू,<br>विकास साझेदार संस्थाहरु,<br>गै.स.स.हरू | निरन्तर | • सञ्चालित अन्तरक्रिया कार्यक्रमहरूको संख्या ।<br>• सहभागीहरूको संख्या । |

## प्राथमिकता ५ : समन्वय, सहयोग र सहकार्य (Coordination, Coopration and Collaboration)

**उद्देश्य :**

**मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धताहरू अनुरूप साझा सवालहरूमा बहुपक्षीय र द्विपक्षीय सहयोग अभिबृद्धि गर्ने र सरकारी, गैर सरकारी, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरू तथा विकास साझेदारहरूबीच समन्वय, सहयोग र सहकार्यलाई बढावा दिने ।**

| *क्र.सं.* | *रणनीति* | *कार्यक्रमहरू* | *कार्यान्वयन गर्ने मुख्य निकाय* | *सहयोगी निकाय* | *समयावधि* | *सूचकहरू* |
|---|---|---|---|---|---|---|
| १ | मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि राष्ट्रिय स्तरका सरोकारवाला सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारहरू बीच प्रभावकारीरूपमा आपसी समन्वय, सहयोग तथा सहकार्य गर्ने । | क. मानव बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय कार्ययोजना तथा सुरक्षित स्थानागमन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा तालमेल मिलाउने । | म.बा.स.क.म., प्र.म.म.प.का. | श्र.या.ब्य.म. | निरन्तर | • कार्ययोजनाहरूको कार्यान्वयनमा समन्वय भएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध कार्यरत संघसंस्थाहरू र निजी क्षेत्रसंग समन्वय गर्न मानव बेचबिखन नियन्त्रणका लागि राष्ट्रिय, जिल्ला नपा र गाविस स्तरमा गठन भएका समितिहरूलाई सक्षम र उत्तरदायी बनाउने । राष्ट्रिय तथा जिल्ला स्तरमा कार्यरत सरकारी तथा गै.स.स संघसंस्थाहरूको समन्वय वैठक वस्ने । | म.बा.स.क.म., स्था.वि.म. | विकास साझेदार संस्थाहरु, गै.स.स.हरू | निरन्तर | • प्रशिक्षण कार्यक्रमको संख्या ।<br>• समन्वय बैठकहरूको संख्या ।<br>• संयुक्त रूपमा सञ्चालन गरिएका कार्यक्रहरूको संख्या । |
| | | ग. मानव बेचबिखन तथा ओसारपसारबिरूद्धमा हासिल भएका उपलब्धीहरू तथा आगामी दिनमा अपनाउनु पर्ने रणनीतिहरू बारे समिक्षा गर्न सबै सरोकारवालाहरूको सहभागितामा राष्ट्रिय तथा क्षेत्रीय स्तरमा समिक्षा गोष्ठीको आयोजना गर्ने र प्राप्त उपलब्धीहरूलाई प्रतिवेदन मार्फत ब्यापक प्रचारप्रसार गर्ने । | व्य.सं. प्र.मं.म.प.का., म.बा.स.क.म., का.न्या.म., स.क.प. | रा.यो.आ. विकास साझेदार संस्थाहरु गै.स.स.हरू | निरन्तर | • प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय स्तरमा समिक्षा गोष्ठीको आयोजना भएको हुने ।<br>• प्रतिवेदन प्रकाशत भएको हुने ।<br>• प्राप्त उपलब्धीहरू बारे प्रचारप्रसार भएको हुने । |
| | | घ. मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध विभिन्न सरोकारवालाहरूले सञ्चालन गरिरहेका कार्यक्रमहरूको नियमित रूपमा विवरण संकलन गरी सेवा प्रवाहमा दोहोरो नपर्ने गरी तादात्म्यता मिलाउने । | | | | • सरोकारवालाहरूद्वारा सञ्चालित कार्यक्रमहरू वीच सामाजस्यता कायम भएको हुने ।<br>• वैठकको संख्या । |
| | | ङ. मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध नेपालमा कार्यरत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूको क्रियाकलापलाई राष्ट्रिय कार्य योजनाको उद्देश्य र रणनीति अनुरूप तालमेल मिलाउने । सहयोगको लागि एकद्वार प्रणाली अपनाउनु पर्ने । | | | | • समन्वय बैठकको संख्या ।<br>• निरीक्षण र अनुगमन प्रतिवेदन । |
| २ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धिका लागि आवश्यक नीति, | क. संगठित अपराध बिरूद्धको संयुक्त राष्ट्रसंघको महासन्धिलाई अनुमोदन गर्ने । | गृ.म | प्र.म.म.प.का., का.न्या.म., प.म. | २ वर्ष | • संगठित अपराध बिरूद्धको संयुक्त राष्ट्रसंघको महासन्धि अनुमोदन भएको हुने । |
| | | ख. संगठित अपराध बिरूद्धको संयुक्त राष्ट्र संघको महासन्धि तथा त्यसको इच्छाधीन आलेखलाई कानूनी आधारका रूपमा लिई आपसीB2 कानुनी सहायताका प्रकृयाहरू निर्धारण गर्ने । | गृ.म. | का. न्या म. | २ वर्ष | • आपसी कानूनी सहायतासम्बन्धी कानून निर्माण भई कार्यान्वयनमा आएको हुने<br>• सम्बन्धित मुलुकहरूसंग सुपुदर्गी सन्धि भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कानून तथा प्रावधानहरूको पुनरावलोकन गर्ने । | ग. आपसी कानूनी सहायताका लागि अनुरोध गर्ने, कार्यान्वयन गर्ने गरी राष्ट्रिय क्षमताको विकास गर्ने र अन्य मुलुकबाट हुने कानूनी सहायताको अनुरोधलाई कार्यान्वयन गर्ने । | | | निरन्तर | |
| | | घ. सुपुदर्गीका लागि आवश्यक व्यवस्था मिलाउने । | | | | |
| | | ङ. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न संयुक्त राष्ट्रसंघको आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार सम्बन्धी महासन्धिलाई नेपालको हित अनुकुल हुने गरी शर्तहरू सहित अनुमोदन गर्ने । | श्र.या.ब्य.म., गृ.म. | का.न्या.म., प.म., म.बा.स.क.म. | २ बर्ष | • संयुक्त राष्ट्रसंघको आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार सम्बन्धी महासन्धि अनुमोदन भएको हुने । |
| | | च. मानव तस्करी र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न एवं विशेष गरी महिलाहरूको सुरक्षित स्थानागमनलाई प्रवर्द्धन गर्नका लाीग गन्तव्य राष्ट्रहरूसँग श्रमिक मैत्री द्विपक्षीय श्रम संझौता गर्ने परिपाटी बसाल्ने । | | | | • आप्रवासी कामदारहरू महिलाहरूको सुरक्षासम्बन्धी श्रमिक मैत्री द्विपक्षीय श्रम संझौताहरू भएको हुने । |
| | | छ. नेपाली आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार सुनिश्चित गर्न गन्तब्य मुलुकका सरकारहरूसँग निरन्तर द्विपक्षीय बार्ताहरू गर्ने पद्धतिको थालनी गरी त्यसको निरन्तर अनुगमन तथा समिक्षा गर्ने । | | | | • द्विपक्षीय बार्ता तथा सम्झौताको संख्या ।<br>• लाभान्वीत प्रभावितहरूको संख्या । |
| ३ | दक्षिण एशिया क्षेत्रका सदस्य राष्ट्रहरू बीच मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध निर्माण भएका संयन्त्र र सञ्जालहरूको माध्यमबाट सहकार्य र सहयोगको बृद्धि | क. सार्क महासन्धिको निरोध, संरक्षण तथा कानुनी कारवाही सम्बन्धी व्यवस्थाहरू सुनिश्चित गर्ने (जस्तै : निशुल्क बाल हेल्पलाइन, महिला हेल्पलाइन समन्वयको लागि सहयोगका लागि संझौतापत्र, कार्य दल गठन, दुई पक्षीय सहयोग तथा क्षेत्रीय सहयोग समन्वयमा विस्तार आदि) । | गृ.म. म.बा.स.क.म., श्र.या.ब्य.म., गृ.म., प.म | प.म., जि.प्र.का., जि.वि.स., सरोकारवाला सरकारी निकाय, विकास साझेदार संस्थाहरु, गै.स.स.हरू | निरन्तर | • हेल्पलाइन सञ्चालन भएको हुने ।<br>• क्षेत्रीय सहयोग अधिबृद्धि भएको हुने । |
| | | ख. मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध लड्न क्षेत्रीय स्तरमा समन्वय तथा वार्तालापका माध्यमलाई प्रोत्साहन गर्न SAARC तथा SAIEVAC फोरमको उपयोग गर्ने । | | | | • SAARC तथा SAIEVAC फोरममा वार्तालाप भएको अवस्था । |
| | | ग. सीमा क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाहरूलाई महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार बारे संवेदनशील बनाउन सहयोग तथा सहकार्यलाई प्रवर्द्धन गर्ने (जस्तै : भंसार अधिकारीहरू, सीमा गस्ती टोलीहरू, रिक्सा तथा बस चालकहरू, होटेल तथा रेष्टुराँका सञ्चालकहरू र रेलवे टिकट जाँचकीहरू आदि) । | | | | • आयोजित सचेतनामूलक कार्यक्रमहरूको संख्या ।<br>• कार्यक्रममा सहभागीहरूको संख्या । |
| | | घ. SAARC स्तरमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धका अभियान सञ्चालनमा समन्वयका लागि गै.स.स.हरू र कानून | प.म., म.बा.स.क.म. | सरोकारवाला सरकारी निकाय, | निरन्तर | • सञ्जालको वैठकको निर्णय ।<br>• द्विपक्षीय तथा बहुपक्षीय सम्झौता र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यान्वयनका निकायहरू बीचको सञ्जाललाई सुदृढ बनाउने । विशेष आवश्यकता अनुसार SAARC राष्ट्र अन्तर्गतका मुख्य मुख्य राष्ट्रहरूको आपसी सहकार्यलाई प्रोत्साहन दिने । | | विकास साझेदार<br>संस्थाहरु,<br>गै.स.स.हरू | | आपसी समझदारीको व्यवस्था । |
| ४ | सीमा वारपारको बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न सीमा जोडिएका मुलुकहरू बीचको आपसी सहयोग र समझदारीमा बृद्धि | क. दुई मुलुकहरू बीच सीमा जोडिएका जिल्लाहरूमा अन्य संगठित अपराधका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा अपराधीहरूको खोजी, पक्राउ र सुपुर्दगीका लागि सीमा वारीपारीका स्थानीय प्रशासन तथा प्रहरी प्रमुखहरूको आपसी सहयोग र समझदारीलाई बढावा दिन नियमित वैठकको व्यवस्था गर्ने । | गृ.म.<br>जि.प्रशा.का.<br>जि.प्र.का. | प.म.<br>म.बा.स.क.म. | निरन्तर | • नियमित वैठकको संख्या ।<br>• सीमा क्षेत्रमा पक्राउ परेका दलालहरूको संख्या ।<br>• सीमा क्षेत्रमा उद्धार गरिएका पीडित/प्रभावितहरूको संख्या । |
| | | ख. सीमा क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध कार्यरत दुबै मुलुकका गै.स.स.हरू बीच आपसी समन्वय र सहयोग लाई प्रबर्द्धन गर्ने । | म.बा.स.क.म.<br>जि.प्रशा.का.<br>म.वा.का। | राष्ट्रिय तथा<br>अन्तर्राष्ट्रिय<br>गै.स.स.हरू | निरन्तर | • आयोजित संयुक्त कार्यक्रमहरूको संख्या ।<br>• कार्यक्रममा सहभागीहरूको संख्या । |
| | | ग. सीमा क्षेत्रमा वारीपारी दुबै मुलुकका समुदाय स्तरका नेतृत्व, सामाजिक कार्यकर्ताहरू, शिक्षकहरू, पत्रकारहरू तथा नागरिक समाजका अगुवाहरूलाई मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध संयुक्त रूपमा परिचालन गर्ने कार्यक्रमको निर्माण गरी कार्यान्वयन गर्ने । | | | | |
| | | घ. सीमा क्षेत्रमा वारी र पारीबाट भए गरेका राम्रा कामहरूको जानकारी आदानप्रदान तथा समिक्षा गर्ने । | गृ.म.<br>म.बा.स.क.म.<br>जि.प्रशा.का.<br>जि.प्र.का. | म.बा.का.<br>स्थानीय<br>निकायहरू | निरन्तर | • समिक्षा वैठकहरूको संख्या ।<br>• प्रकाशित प्रतिवेदनहरू । |
| ५ | बेचबिखन तथा ओसारपसार बिरूद्ध स्थानीय स्तरमा सबै सरोकारवालाहरूको सम्बन्ध र सहकार्यमा अभिबृद्धि । | क. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको तत्वावधानमा जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूको आपसी समन्वय,सहयोग र सहकार्यलाई प्रबर्द्धन गर्ने गरी कार्यक्रमहरूको संयोजन गर्ने । | म.बा.स.क.म.,<br>म.बा.का. | जिल्ला स्तरीय<br>सरकारी<br>निकायहरू,<br>स्थानीय<br>गै.स.स.हरू | निरन्तर | • समन्वय वैठकको संख्या ।<br>• सञ्चालित कार्यक्रमहरूको संख्या । |
| | | ख. जिल्ला नपा र गाविस स्तरबाट बितरण हुने नगद अनुदानबाट स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसारका पीडित/प्रभावितहरूका लागि समेत लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने र नयाँ सोच बनाई कार्यान्वयन गर्ने । | म.बा.का | जि.वि.स.,<br>न.पा.,<br>गा.वि.स. | निरन्तर | • नगद अनुदानबाट लाभान्वित भएका पीडित/ प्रभावितहरूको संख्या । |
| | | ग. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, कानूनी सहायता समिति , सामुदायिक मध्यस्थता कार्यक्रम, बाल मैत्री स्थानीय शासन, जिल्ला तथा गाउँ बाल संरक्षण कार्यक्रम, बाल क्लब, महिला सशक्तिकरण, समुदायमा आधारित उपभोक्ता समितिहरू आदिका माध्यमलाई उपयोग गरी मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासन तथा बाल अधिकारका सवालहरूलाई सामञ्जस्यता पूर्वक समुदाय स्तरसम्म पुऱ्याउने । | जि.वि.स.,<br>म.बा.का.,<br>न.पा.,<br>गा.वि.स. | स्था.वि.म.,<br>म.बा.स.क.म.,<br>म.बा.बि., | निरन्तर | • वैठकको संख्या ।<br>• सञ्चालित कार्यक्रमहरूको संख्या ।<br>• समन्वित कार्यक्रमहरूको संख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घ. जिल्ला नपा  तथा गाविसस्तरमा उपलब्ध सम्प्रेषण सेवाहरूलाई एकीकृत र समन्वयात्मक ढङ्गबाट उपयोग गर्ने पद्धतिको विकास एवं त्यसलाई प्रोत्साहन गर्ने । | म.बा.स.क.म., श्र.या.व्य.म., म.बा.का. | जिल्ला स्तरीय सरोकारवाला निकायहरू | निरन्तर | • एकीकृत र समन्वयात्मक ढङ्गबाट आयोजना भएका कार्यक्रमहरूको संख्या । |
| | | ङ. स्थानीयस्तरमा गठन हुने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको संयुक्त तत्वावधानमा सञ्चालन हुने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी क्रियाकलापहरू र पीडित/प्रभावितहरूका लागि उपलब्ध संप्रेषण सेवाहरूको अनुगमन गर्ने र सो सम्बन्धी प्रतिवेदनहरू महिला तथा बालबालिका कार्यालयहरूमा पठाउने व्यवस्था मिलाउने । | गा.वि.स., नपा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति | म.बा.का., जि.वि.स. | निरन्तर | • प्राप्त प्रतिवेदनहरू । |
| ६ | बालबालिकाहरू बिरूद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एशियाली राष्ट्रहरूको अभियान (SAIEVAC) अन्तर्गत बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने साझा उद्देश्य बारे गम्भीर प्रयास | क. दक्षिण एशियाका राष्ट्रहरूको साझा मञ्च SAIEVAC लाई उपयोग गर्दै बालबालिकाहरूको बेचबिखन  तथा ओसारपसार नियन्त्रणका लागि नमुना प्रयास जारी राख्ने । | म.बा.स.क.म., म.बा.बि., के.बा.क.स. | विकास साझेदार संस्था, गै.स.स.हरू | निरन्तर | • कार्ययोजना निर्माण भएको हुने ।<br>• परियोजना कार्यान्वयन भएको हुने । |
| | | ख. SAIEVAC मार्फत प्राप्त हुने सार्क डेभलपमेन्ट फण्ड अन्तर्गत परियोजना निर्माण तथा कार्यान्वयन गरी बेचबिखन तथा ओसारप्रसारप्रति बालबालिकाहरूको जोखिमीपन घटाउने र पीडित/प्रभावित बालबालिकाहरूको लागि राहत कार्यक्रम सञ्चालन गर्ने । | | | | |
| | | ग. SAIEVAC को ढाँचाभित्र रही बालबालिकाहरूको बेचबिखन बिरूद्ध सरकारी, गैरसरकारी र बिकास साझेदारहरू बीचको आपसी सहयोग र सहकार्यलाई बढावा दिने । | | | | |